ehetaudasandesh.com

हेटौंडा सन्देश राष्ट्रिय दैनिक

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३२२ ॥ बुधबार ३० बैशाख २०८३ ॥ एकादसी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Wednesday 13 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-


## ईभी दुर्घटनामा ९ भारतीय घाइते

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२, लामाबगरस्थित सिस्नेरी-दक्षिणकाली सडकखण्डमा सोमबार राति ईभी गाडी दुर्घटना हुँदा ९ जना भारतीय नागरिक घाइते भएका छन्। सोमबार राति करिब ११:१० बजे काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०१-०३३ च ५२५८ नम्बर ईभी गाडी ब्रेकफेल भइ सडकको दाहिने किनारको भित्तामा ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

गाडीमा चालकसहित ११ जना सवार थिए। तीमध्ये ९ जना भारतीय नागरिक र चालकसहित २ जना नेपाली नागरिक थिए। दुर्घटनामा ३ जना गम्भीर, ३ जना मध्यम तथा ३ जना सामान्य घाइते भएका छन्। घाइते सबैलाई उप-चारका लागि काठमाडौंस्थित अस्पताल पठाइएको प्रहरीले जनाएको छ। गम्भीर घाइते हुनेमा भारत बिहार दरभंगाका ६० वर्षीय रामविनय झा, ७० वर्षीया निर्मला देवी र ५५ वर्षीया अनितादेवी छन्। उनीहरुको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ।

*बागमती प्रदेश*

# ट्रायल सेन्टर विस्तार गर्न सार्वजनिक लेखा समितिको निर्देशन

सन्देश संवाददाता

हेटौडा/हेटौडा बागमती प्रदेश सभा सार्वजनिक लेखा समितिले यातायात क्षेत्रको सेवा प्रवाह, पार-दर्शिता र जनगुनासासम्बन्धि विषयमा प्रदेश सरकारलाई महत्वपूर्ण निर्देशन दिएको छ।

समितिको ३६ औं बैठकले श्रम, रोजगार तथा यातायात मन्त्रालयसँग विस्तृत छलफल गर्दै ट्रायल सेन्टर विस्तार, विद्युतीय ट्याक्सी सञ्चालन मापदण्ड, चालक अनुमति पत्र सेवा, चार्जिङ स्टेशन सञ्चालन तथा सार्वजनिक यातायातको भाडादर कार्यान्वयन लगायतका विषयमा विभिन्न निर्णयहरु गरेको हो।



बैठकमा महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनले औंल्याएका बेरुजु, यातायात क्षेत्रसँग सम्बन्धित उजुरी तथा समितिमा प्राप्त गुनासाहरूको विषयमा मन्त्रालयसँग छलफल गरिएको थियो। समितिले सेवा प्रवाहमा देखिएका समस्या समाधान गरी जनतालाई सहज, चुस्त र पारदर्शी सेवा उपलब्ध गराउन सरकारलाई स्पष्ट निर्देशन दिएको छ।

समितिले सवारी चालक अनुमतिपत्रका लागि सञ्चालन हुँदै आएका ट्रायल सेन्टरका सम्बन्धमा उपत्यका तथा उपत्यकाबाहिरबाट निरन्तर गुनासा आइरहेको उल्लेख गरेको छ। सेवाग्राहीले लामो समय कुर्नुपर्ने, सीमित ट्रायल सेन्टरका कारण सेवामा असहजता भएको तथा पहुँचको समस्या रहेको भन्दै समितिले आवश्यक प्रक्रिया पूरा गरी थप ट्रायल सेन्टर स्थापना गर्न निर्देशन दिएको हो। समितिले ६ महिनाभित्र उपत्यका र उपत्यका बाहिर पर्याप्त संख्यामा ट्रायल सेन्टर थप गरी सेवा विस्तार गर्न प्रदेश सरकार र मन्त्रालयलाई निर्देशन दिएको छ।

त्यस्तै, सार्वजनिक यात्रुवाहक विद्युतीय ट्याक्सी सञ्चालनसम्बन्धि विद्यमान मापदण्ड पारदर्शी र प्रतिस्पर्धामैत्री नभएको भन्दै समितिले त्यसलाई पुनरावलोकन गर्न आग्रह गरेको छ। समितिका अनुसार ई-ट्याक्सी सञ्चालनमा सीमित समूहलाई मात्र अवसर दिने खालका मापदण्ड रहेको भन्दै विभिन्न पत्रपत्रिका र उजुरीमार्फत् गुनासा आइरहेका छन्।

यस अवस्थाले खुला प्रतिस्पर्धा प्रभावित भएको निष्कर्ष निकाल्दै समितिले मापदण्डलाई फराकिलो बनाई प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न सरकारलाई निर्देशन दिएको छ। साथै जनतालाई गुणस्त-रीय, सुरक्षित, सर्वसुलभ र सस्तो यातायात सेवा उपलब्ध गराउने वातावरण बनाउन पनि जोड दिईएको छ।

बैठकले यातायात व्यवस्था कार्यालयबाट जारी हुने सवारी चालक अनुमतिपत्रका लागि आवश्यक पर्ने निरोगिताको प्रमाणपत्रसम्बन्धि विषयमा पनि छलफल गरेको थियो। हाल अदालतको आदेश र पूर्व सम्झौताअनुसार सेवा प्रभावकारी रूपमा सञ्चालन नभएको पाइएको समितिको निष्कर्ष छ। यस कारण सेवाग्राहीले अनावश्यक सास्ती र बढी शुल्क तिर्नुपरेको गुनासो आएको भन्दै समितिले हाल विद्यमान व्यवस्थाअनुसार सेवा सञ्चालन गर्न र भविष्यमा प्रदेशस्तरीय अस्पताल बाट पनि निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने सम्भाव्यता अध्ययन गर्न मन्त्रालयलाई निर्देशन दिएको छ। यसले सेवा थप सस्तो, सहज र सर्वसुलभ हुने विश्वास समितिको छ।

समितिले सवारी चालक अनुमतिपत्र छपाइ गर्ने मेसिन खरिद भइसकेको भए पनि सञ्चालनमा आउन नसकेको विषयलाई पनि गम्भीररूपमा उठाएको छ। संविधानले प्रदेशलाई दिएको एकल अधिकार अन्तर्गतको विषय भएकाले संघीय सरकारसँग आवश्यक समन्वय गरी उक्त मेसिन शीघ्र सञ्चालनमा ल्याउन समितिले निर्देशन दिएको हो। दुई महिनाभित्र आवश्यक प्रक्रिया पूरा गरी प्रगति प्रतिवेदन समितिमा पेश गर्न पनि मन्त्रालय लाई भनिएको छ।

बैठकमा विद्युतीय सवारी साधनको प्रयोग तीव्ररूपमा बढि रहेको भए पनि चार्जिङ स्टेशन पर्याप्त नभएको विषयमा समेत चासो व्यक्त गरिएको छ। प्रदेश सर-कारले चार्जिङ स्टेशनका लागि सामग्री खरिद गरिसकेको अवस्थामा ती सञ्चालनमा ढिलाइ हुँदा सेवाग्राही प्रभावित भएको समितिको भनाइ छ। त्यसैले चार्जिङ स्टेशन शीघ्र सञ्चालनमा ल्याई सेवा प्रवाह सुनिश्चित गर्न समितिले मन्त्रालय लाई निर्देशन दिएको हो।

त्यसैगरी पेट्रोलियम पदार्थको मूल्यवृद्धिपछि विद्युतीय सवारी र पेट्रोलियमबाट सञ्चालित सार्वजनिक यातायातका लागि फरक फरक भाडादर निर्धारण गरिएको भएता पनि व्यवहारमा प्रभावकारी कार्यान्वयन नभएको समितिले जनाएको छ। यात्रुहरू अझै पनि मनपरी भाडा तिर्न बाध्य भएको गुनासो आएपछि समितिले सार्वजनिक सूचना पाटी राख्न, अनुगमन कडा बनाउन र यात्रु नठगिने वातावरण सुनिश्चित गर्न निर्देशन दिएको हो।

यातायात क्षेत्रसँग सम्बन्धित गुनासा, उजुरी, पत्रपत्रिकामा प्रकाशित सवाल तथा समितिले यसअघि दिएका निर्देशनहरूको कार्यान्वयन अवस्थाबारे थप अध्ययन गर्न समितिले चार सदस्यीय उपसमिति पनि गठन गरेको छ। इन्द्रप्रसाद गोतामेको संयोजकत्वमा गठन गरिएको उपसमितिमा मातृकाप्रसाद भट्टराई, राजेन्द्र प्रजापति र सरिता खड्की सदस्य रहेका छन्। उपसमितिलाई श्रावण मसान्तभित्र रायसहितको प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ।

बैठकको अन्त्यमा समितिले सार्वजनिक लेखा समिति उत्तर दायित्व, पारदर्शिता, वित्तीय सुशासन र सार्वजनिक वित्तको सही सदुपयोगप्रति संधैं प्रतिबद्ध रहेको स्पष्ट पारेको छ।

समितिले केही सञ्चार माध्यम तथा उजुरीमार्फत् सार्वजनिक लेखा समितिप्रति गरि-एका टिप्पणी भ्रामक, कपोलकल्पित र स्वार्थ समूह प्रेरित रहेको ठहर गर्दै समितिका सबै सदस्य तथा कर्मचारी जनहितविपरीतका गतिविधिप्रति अति संवेदनशिल, सचेत र जनसेवामा प्रतिबद्ध रहेको जनाएको छ।

## पुडासैनी मैत्री समाजमा बालकृष्ण

सन्देश संवाददाता

हेटौंडा/पुडासैनी मैत्री समाज मकवानपुरको पांचौं अधिवेशनबाट बालकृष्ण पुडासैनीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन भएको छ।

सोमबार हेटौंडा-५ को रुद्रेश्वर मन्दिरमा भएको अधिवेशनबाट समाजको उपाध्यक्षमा जयराम पुडासैनी र दिपक पुडासैनी, सचिवमा विनोद पुडासैनी, सहसचिवमा कृष्णकला पुडासैनी र कोषाध्यक्षमा रामप्रसाद पुडासैनी निर्विरोध चयन भएका छन्।

यसैगरी समाजको सदस्यहरुमा गोमा पुडासैनी, अंकित पुडासैनी, हरीशरण पुडासैनी, निर्मला पुडासैनी, गोपी पुडासैनी र यदुनाथ पुडासैनी चयन भएका हुन्।

समाजका अध्यक्ष बालकृष्ण पुडासैनीको सभापतित्वमा भएको कार्यक्रममा हेटौडा उपानहानगर पालिकाका उपमेयर राजेश बानियाले पुडासैनी समाजले आफ्नो ईष्टमित्र-हरुको कठिन समयमा सबै एकजुट भई भाईचाराका साथै हातेमालो गर्न आग्रह गरेका थिए। उनले समाजले सामाजिक काममा पनि अग्रसर हुन सुझाव दिए। कार्यक्रममा पुडासैनी मैत्री समाज काठमाडौका कार्यवाहक अध्यक्ष मोहन पुडासैनी, केन्द्रीय सचिव रामचन्द्र पुडासैनी, राष्ट्रिय।

अनुसन्धान दुरुपयोग आयोगका प्रमुख रामशरण पुडासैनी, हेटौंडा ५ नम्बरका वडा अध्यक्ष सुशिल घिमिर, भौतिक पुर्वाधार विकास मन्त्रालयका सह- सचिव श्रीराम पुडासैनी, रुद्रेश्वर पर्यटन विकास समितिका अध्यक्ष राजिव सुवेदी, जिल्ला समन्वय समिति मकवानपुरका पुर्वउपप्रमुख भगवती पुडासैनील गायतले अधिवेशनले पुडासैनी बन्धुहरुको वंशावली निर्माणका लागि कार्य गर्ने बिषयमा सहमति भएको र सोहीबमोजिम सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रममा रुद्रेश्वर मन्दिर परिसरमा विधिवत्‌रुपमा गणेश र विष्णु भगवानको मूर्तिको प्राण, प्रतिष्ठाका साथै कौशिक ऋषिको मुर्ति तथा कार्यलय भवन उद्‌घाटन गरिएको थियो।

# बस्ती हट्यो, भग्नावशेषको तनाव

सन्देश संवाददाता



काठमाडौं/उपत्यकाका तीन जिल्ला भएर बग्ने नदीकिनारका सुकुम्बासी बस्ती हटाएसँगै बस्तीको भग्नावशेष व्यवस्थापनको समस्या सुरु भएको छ। बागमती, विष्णुमती, धोबीखोला, रुद्रमतीलगायत खोलाकिनाराका एक दर्जनभन्दा बढी सकुम्बासी बस्ती भत्काएपछि त्यहाँ सयौं टन भग्नावशेष थुप्रिएको छ।

सहरी विकास मन्त्रालय, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र काठमाडौं महानगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने ती सुकुम्बासी बस्तीको भग्नावशेष व्यवस्थापनमा समस्या आएको छ। सहरी विकास मन्त्रालयले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र कामपालाई भग्नावशेष व्यवस्थापन गर्न आग्रह गरेको छ। तर, दुई निकायले हालसम्म ठोस निर्णय गर्न सकेका छैनन्।

तथापि, समितिले जुन खोलाकिनारमा बस्ती भत्काइएको छ, त्यहाँको भग्नावशेष त्यही व्यवस्थापन गरी पार्क निर्माण गर्ने तयारी गरेको जानकारी दिंदै समितिका प्रवक्ता एवम् आयोजना उपनिर्देशक उद्धव नेपालले भने-सकेसम्म जहाँको भग्नावशेष हो, त्यही व्यवस्थापन गर्नेछौं। नभए काठमाडौं महानगर पालिकाले व्यवस्थापन गर्नेछ। भग्नावशेष कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा अध्ययन भइरहेको जिकिर गर्दै उनले भने-हामीले सबै क्षेत्रको फिल्डमा पुगेर प्राविधिक अध्ययन गरिरहेका छौं, केही दिनपछि के गर्ने, सो क्षेत्रलाई कस्तो बताउने भन्ने विषयमा निर्णय गर्नेछौं।

काठमाडौं महानगरपालिकाले सहरी विकास मन्त्रालयको निर्देशनअनुसार व्यवस्थापन गर्ने जनाएको छ। कामपा वातावरण व्यवस्थापन विभाग प्रमुख सरिता राईले यस विषयमा मन्त्रालय, समिति र कामपाबीच सहकार्य भइरहेको जानकारी दिइन्। कामपाले थापाथली क्षेत्रको भग्नावशेष हटाउन थालेको छ।

उक्त क्षेत्रका भग्नावशेषलाई दक्षिणकाली नगरपालिका-७ स्थित महर्षीडोलमा व्यवस्थापन गरिरहेको छ। विभागीय प्रमुख राईले उक्त क्षेत्रमा खोलाकिनारमा केही मात्रामा भग्नावशेष अझै रहेको र त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने निर्णय गर्न बाँकी रहेको बताइन्। भग्नावशेष व्यवस्थापन गर्न लाखौं रुपियाँ ढुवानीमा खर्च हुने अनुमान कामपाको छ।

कामपा प्रहरी प्रमुख विष्णुराज जोशीले भने-खाली भएका सुकुम्बासी बस्तीमध्ये मनोहरा खोलालाई पहिला सुकुम्बासी बसेका बस्तीमा फर्काउने, गैरीगाउँमा करिडोर बिस्तार गर्ने र थापाथलीमा युएनपार्क निर्माण हुने भएको छ। मन्त्रालयसहित तीनवटै निकायले सबै सुकुम्बासी वस्तीलाई सौन्दर्यीकरण गर्ने योजना रहेको उनको भनाइ छ। नदीकिनारको बस्ती हटाउन ७ दिन डोजर चल्दा १६ हजार विस्थापित भएका छन्। बैशाख १२ गते थापाथलीको सुकुम्बासी बस्तीबाट ८ सय १० जना विस्थापित भएका थिए। त्यहाँ १ सय ४३ कच्ची संरचना थिए, जसमा १ सय ३६ परिवार बस्थे। गैरीगाउँ क्षेत्रबाट २ सय ८५ पक्की, ५ सय ९३ कच्ची गरी ८ सय ७८ संरचना भत्काइएको बताइएको छ।

१३ गते मनोहरा क्षेत्रमा डोजर चलाइएको थियो। उक्त दिन १ सय ३१ घर भत्काइएको थियो। १७ गते कालोपुल क्षेत्रबाट ३ परिवार बस्ने ३ संरचना हटाइएको थियो।

१८ गते वंशीघाट क्षेत्रबाट २ हजार १ सय १८, बल्खुबाट ४ हजार ८ सय १०, शंखमूलबाट ५ सय ८०, कालिमाटीबाट १ हजार १ सय ३५ जना विस्थापित भएका थिए। सरकारले सात दिनमा २ हजार ६ सय ८७ संरचना भत्काएको थियो। सबै परिवारलाई आधा दर्जन होल्डिङ सेन्टरमा राखिएको छ।






# ग्रेडवृद्धि परीक्षा असार पहिलो सातादेखि

सन्देश संवाददाता

हेटौंडा/माध्यमिक शिक्षा परीक्षा (एसईई) का विद्यार्थीका लागि पूरक (ग्रेडवृद्धि) परीक्षा आगामी असार पहिलो सातादेखि सञ्चालन हुने भएको छ। राष्ट्रिय परीक्षा बोर्डले सोमबार साँझ सार्वजनिक गरेको नतिजासँगै पूरक परीक्षाको कार्यतालिका पनि सार्वजनिक गर्दै परीक्षा असार १ गते सोमबारदेखि सुरु हुने जनाएको छ। बोर्डका अनुसार उक्त परीक्षा असार ९ गतेसम्म सञ्चालन हुनेछ।

बोर्डले तोकेको व्यवस्था अनुसार अन्तिम ग्रेडमा 'सी' वा सोभन्दा कम प्राप्त गरेका विद्यार्थीहरु पूरक परीक्षामा सहभागी हुन योग्य हुनेछन्। त्यस्तै, बढीमा दुई विषयमा अनुपस्थित रहेका परीक्षार्थीले पनि उक्त परीक्षामा सहभागी हुन पाउने व्यवस्था गरिएको छ। पूरक परीक्षा प्रणालीमार्फत् विद्यार्थीलाई शैक्षिक उपलब्धि सुधार गर्ने अवसर प्रदान गर्ने उद्धेश्य राखिएको बोर्डले जनाएको छ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा मकवानपुरका ४ विद्यालयको नतिजा शून्य आएको छ। मकवानपुरको राक्सिराङ गाउँपालिकाका ३ वटा विद्यालय र भीमफेदी गाउँपालिकाका १ विद्यालयको नतिजा शून्य आएको शिक्षा विकास तथा समन्वय एकाई मकवानपुरले जानकारी दिएको छ।

राक्सिराङ गाउँपालिका-४ स्थित कालिका माध्यमिक विद्यालय, राक्सिराङ गाउँपालिका-६ स्थित राष्ट्रिय माध्यमिक विद्यालय र राक्सिराङ गाउँपालिका-८ स्थित माध्यमिक विद्यालयको नतिजा शून्य आएको छ। भीमफेदी गाउँपालिका-८ स्थित पञ्चकन्या माध्यमिक विद्यालयको नतिजा शून्य आएको छ। कालिका माविबाट ६ जना, राष्ट्रिय मावि १ जना र माध्यमिक विद्यालयबाट २८ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए। पञ्चकन्या माध्यमिक विद्यालयबाट भने ६ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए। गत वर्ष मकवानपुरका ७ वटा विद्यालको नतिजा शून्य आएको थियो।

*ननग्रेडेडका लागि पूरक परीक्षा तयारी*

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ननग्रेडेड विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिने बताएका छन्। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको मंगलबारको बैठकमा मन्त्री पोखरेलले सरकारले एक महिनाभित्र परीक्षाको नतिजा सार्वजनिक गर्ने सरकारको प्रतिबद्धता कार्यान्वयन भएको उल्लेख गर्दै अब परीक्षामा असफल हुने विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिने प्रतिबद्धता जनाएका हुन्।

सोमबार प्रकाशित नतिजा अनुसार दुई लाख ८४ हजार १ सय ६० विद्यार्थी ग्रेडेड भइ ६५.९८ प्रतिशत् विद्यार्थी सफल भएका छन्। एक लाख ४६ हजार ५ सय ७ विद्यार्थी ननग्रेडेड भएका छन्। ननग्रेडेड भएका विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षाको लाभ लिनेछन्। मन्त्री पोखरेलले देशभरका सम्पूर्ण विद्यालय भवन, खेलमैदान, शिक्षक, कर्मचारी, विद्यार्थी र अन्य संरचनाको विस्तृत अध्ययन पूरा प्राप्त हुने तथ्यका आधारमा विद्यालय तहको सम्पूर्ण पूर्वाधार पुनर्संरचना गरिने बताए।

बैठकमा सांसद्हरुले सुकुम्बासी बस्तीबाट विस्थापित बालबालिकाको पठनपाठनका लागि सरकारले विशेष व्यवस्था गर्नुपर्ने, शिक्षा विधेयक तत्काल ल्याउनुपर्ने, खेलकुद विश्वविद्यालय स्थापना गरिनुपर्ने र विद्यार्थीहरुका लागि ईबुकको व्यवस्था गर्न सरकारलाई सुझाव दिए। सांसद्हरुले विद्यालय खाजा कार्यक्रममा हुने गरेको अनियमितता रोक्न र विभिन्न १७ प्रकारका शिक्षकका समस्या समाधान गर्न सरकारले तत्काल कदम चाल्नुपर्ने विचार व्यक्त गर्दै व्यावसायिक र सिपमूलक शिक्षाका लागि विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्न सरकारको ध्यानाकर्षण गराए।

शिक्षा मन्त्रालयका उच्चाधिकारीहरुले हालसम्म भए गरेका कार्यप्रगति विवरण पेस गर्दै देशभरका २७ हजार सामुदायिक विद्यालयमा दुई लाख ३२ हजार १ सय ५ शिक्षक तथा कर्मचारी रहेको जानकारी गराइएको थियो।

## म्यानमा महासचिवमा मकवानपुरका आचार्यको उम्मेद्‌वारी



सन्देश संवाददाता

हेटौंडा/नेपाल मोबाइल व्यवसायी महासंघ (म्यान) को तेस्रो केन्द्रीय महाधिवेशन तथा पाँचौं साधारणसभा जेठ १ र २ गते काठमाडौंमा हुने भएको छ। महाधिवेशनको तयारीस्वरुप हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा मकवानपुरबाट विभिन्न पदमा उम्मेद्‌वारी घोषणा गरिएको छ।

महाधिवेशनबाट नयाँ नेतृत्व चयन गरिने क्रममा मकवानपुरबाट पनि प्रतिनिधित्व बढेको जनाइएको छ। हेटौंडाबाट कुल १ सय २५ सदस्यमध्ये ७ जना प्रतिनिधि महाधिवेशनमा सहभागी हुने भएका छन्।

महासचिवमा मकवानपुरबाट छतेन्द्र आचार्यले उम्मेद्‌वारी घोषणा गरेका छन् भने केन्द्रीय सदस्यमा नवराज चौलागाईं र मिलन स्यांतानले उम्मेद्‌वारी दिने घोषणा गरेका छन्। आफू निर्वाचित भएपछिको दुई वर्षे कार्यकालमा सचिवालयको व्यवस्थापनमा मुख्य जोड दिने योजनासाथ महासचिवमा उम्मेद्‌वारी घोषणा गरिएको आचार्यले बताएका छन्।

महाधिवेशनबाट ५५ सदस्यीय केन्द्रीय कार्यसमिति चयन हुने जनाइएको छ। विधानअनुसार अध्यक्ष १, निवर्तमान अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष ७, महासचिव १, कोषाध्यक्ष १, सचिव ४ सहित सहकोषाध्यक्ष १ गरी अन्य पदाधिकारी चयन गरिने व्यवस्था छ। प्रत्येक प्रदेशबाट २ जनाका दरले १४ जना, संस्थापक सदस्यबाट १४ जना, बागमती प्रदेशबाट ५ जना तथा अध्यक्षबाट मनोनीत ५ जना कार्यसमितिमा रहने उल्लेख गरिएको छ। महासंघका अनुसार हाल देशभर ७ प्रदेश र ७० जिल्लामा शाखा विस्तार भइसकेको छ भने करिब २७ हजार ४ सय व्यवसायी आबद्ध छन्। यसलाई व्यावसायिक दृष्टिले ठूलो समूहका रुपमा हेरिएको छ। महाधिवेशन उद्‌घाटन कार्यक्रम जेठ २ गते राष्ट्रिय सभागृह, प्रदर्शनीमार्गमा हुने तथा त्यसअघिको दिन जेठ १ गते ह्वाइट पार्टी प्यालेस कौशलटारमा बन्दसत्र आयोजना गरि

**उखानः** बाँदरको पुच्छर लौरो न हतियार ।

**बेलाको बोली**

मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।

*- भानुभक्त आचार्य*

# सम्पादकीय

## "बजार सुशासन" नारामात्रै नहोस्

*नेपालमा मूल्यसूची राख्ने वा बजार अनुगमन गर्ने अभ्यास भने नयाँ होइन । बिगतमा पनि सरकारले चाडपर्वका बेला वस्तुको मूल्य टाँस्न निर्देशन दिने र अनुगमन अभियान चलाउने गरेको हो । तर, त्यस्ता अभियान धेरैजसो औपचारिकतामै सीमित भए । कतिपय अवस्थामा अनुगमनलाई उपभोक्ता हितभन्दा बढी "असुली धन्दा"का रुपमा हेर्ने प्रवृत्तिसमेत देखियो । व्यापार हुने समयमा कर्मचारीले पसल बन्द गराउने, सामान्य त्रुटिलाई पनि दबाबको माध्यम बनाउनेजस्ता गुनासा व्यापक थिए । त्यसले बजारमा अनुशासनभन्दा बढी सरकारी संयन्त्रमाथि नै अविश्वास बढाएको अवस्था छ । यसपटक भने सरकारले 'विशेष अभियान'कै रुपमा 'मूल्य पारदर्शिता सप्ताह' मनाउन खोजेको देखिन्छ ।*

*यसका लागि डिजिटल मूल्यसूची प्रणाली, स्थानीय तहमा उपभोक्ता गुनासो संयन्त्र र नियमित सार्वजनिक प्रतिवेदनजस्ता उपाय प्रभावकारी हुन सक्छन् । उपभोक्ताले मोबाइलबाटै वस्तुको अधिकतम खुद्रा मूल्य हेर्न सक्ने व्यवस्था भए बजार पारदर्शिता स्वतः बढ्छ । तर, पारदर्शिता बजारमा मात्र खोजेर पुग्दैन । पारदर्शिता र जवाफदेही सुशासनका आधार भूत तत्व हुन् जुन शासनतन्त्रमा पनि समानरुपमा लागु हुनुपर्छ । नागरिकले आज बजारको मात्र होइन, सरकारकै निर्णय प्रक्रिया नियालिरहेका छन् । विशेषगरी पछिल्लो समय सरकारले रातारात अध्यादेश जारी गरेपछि सरकारको कार्यशैलीमाथि प्रश्न उठेको छ । दुई तिहाई नजिकको बहुमत भएको सरकारले संसदमा विस्तृत छलफल गराएर विधेयक पारित गर्न सक्ने अवस्थामा पनि अध्यादेशको बाटो रोज्नु स्वाभाविक हुनसक्छ । सरकारले संसमै विधेयक प्रस्तुत गरेर प्रत्येक व्यवस्थाको औचित्यमाथि खुला बहस गराउदा राम्रो हुने थियो ।*

*राज्य र त्यसका प्रतिनिधिहरु निरन्तर पारदर्शी र जवाफदेही बन्न सके त्यो क्रमशः संस्कृतिका रुपमा विकास हुन्छ । बजारलाई पारदर्शी बनाउने अभियानले उपभोक्तालाई केही सहुलियत दिन सक्छ । तर, सुशासनको वास्तविक अर्थ बजारदेखि मन्त्रिपरिषद्सम्म एउटै मापदण्ड लागु हुनु हो । पारदर्शी, प्रतिस्पर्धी र जिम्मेवार बजार निर्माण गर्न सकेमात्र महँगीको मार खेपिरहेका नागरिकले केही सुविधाको अनुभूति गर्न सक्नेछन् । सरकारले खुला बजारको मर्म, उपभोक्ताको अधिकार र लोकतान्त्रिक पारदर्शितालाई सँगसँगै अघि बढाउन सकेमात्र 'बजार सुशासन' व्यवहारमा रुपान्तरण हुनेछ ।*

# बेलायतमा घर बेचबिखन

सुरेन्द्रनेपाल श्रेष्ठ



बेलायतमा घर किन्ने प्रक्रियालाई धेरैले एउटा व्यवस्थित, कानुनीरूपमा बलियो र निश्चित चरणहरूमा आधारित प्रणाली मान्छन्, जुन अन्य देशहरूको भन्दा फरक छ । सन् २०२६ सम्म आइपुग्दा, प्रविधि र बजारमा आएको परिवर्तनले यो प्रक्रिया केही छिटो र सजिलो भएको छ । बेलायतका बैंकहरूले प्रायः वार्षिक कमाइको चार देखि साढे चार गुणासम्म ऋण दिन्छन् । त्यसैले, 'मोर्टगेज इन प्रिन्सिपल' लिनु एकदमै जरुरी हुन्छ, किनकि यसले ऋण लिन सक्ने क्षमता देखाउँछ र घर बेच्ने मानिसलाई पनि विश्वास लाग्छ ।

त्यसपछि, आफ्नो बजेट र आवश्यकता अनुसारको घर खोज्नुपर्छ । बजारमा भएका घर हरू हेरेर, आफूलाई मनपर्ने घर छानेपछि एस्टेट एजेन्टमार्फत् घर किन्नका लागि प्रस्ताव राख्नुपर्छ। तर, प्रस्ताव स्वीकार भए पनि, सम्झौता नभएसम्म यो कानुनीरूपमा बाध्यकारी हुँदैन । यसले दुवै पक्षलाई निर्णय लिनुअघि आवश्यक कुराहरू जाँच गर्न समय दिन्छ। प्रस्ताव स्वीकारपछि, घर किन्ने व्यक्तिले वकिल खोज्छन् । यहाँबाट कानुनी प्रक्रिया सुरु हुन्छ। वकिलले घरको स्वामित्व, ऋण, स्थानीय निकायका रेकर्ड, वातावरणको जोखिम र पानीको बारेमा राम्रोसँग जाँच गर्छन् । डिजिटल प्रणालीको प्रयोग बढेकाले यो प्रक्रिया अलि सजिलो भएको छ। यसैबीच, ऋणका लागि पनि आवेदन दिएपछि बैंकले घरको मूल्य थाहा पाउनको लागि 'भ्यालुएसन सर्भे' गराउँछ, जसले घरको मूल्य बजार अनुसार छ कि छैन भन्ने कुरा थाहा हुन्छ । बैंक सन्तुष्ट भएपछि मात्र ऋणको प्रस्ताव दिन्छ ।

तर, बैंकको मूल्यांकन मात्र पर्याप्त हुँदैन । घर किन्ने व्यक्तिले पनि 'प्रोपर्टी सर्भे' गराउनु जरुरी छ । 'होमबायर रिपोर्ट' वा 'बिल्डिङ सर्भे' मार्फत् घरको संरचना, क्षति, ओस वा मर्मत गर्नुपर्ने कुराहरूको बारेमा थाहा पाउन सकिन्छ। यसले भविष्यमा आउने खर्चबाट बचाउँछ। यदि फ्ल्याट किन्ने हो भने 'लिजहोल्ड' प्रणालीमा ध्यान दिनुपर्छ। यसमा घरको स्वामित्व निश्चित समयका लागि मात्र हुन्छ। त्यसैले लिजको अवधि, ग्राउन्ड रेन्ट र सर्भिस चार्जजस्ता कुराहरू बुझ्नुपर्छ । छोटो लिज भएका घरहरूमा पछि समस्या आउन सक्छ ।

सबैकुरा जाँच गरेपछि, 'एक्सचेन्ज अफ कन्ट्र्याक्ट्स' को चरणमा पुगिन्छ । यसमा १० प्रतिशत पैसा जम्मा गर्नुपर्छ र सम्झौता कानुनी रूपमा बाध्यकारी हुन्छ । यदि कसैले सम्झौता तोड्न खोजेमा उसलाई जरिवाना लाग्छ। त्यसैले घरको बीमा पनि अनिवार्यरूपमा गर्नुपर्छ। बेलायत भर घर खरिद गर्ने आधारभूत प्रक्रिया उस्तै भए पनि स्कटल्यान्डमा केही महत्वपूर्ण फरकहरू छन् । स्कटल्यान्डमा घर बिक्रीअघि नै 'होम रिपोर्ट' तयार हुने र एकपटक कानुनी सहमति भएपछि सम्झौता छिट्टै बाध्यकारी हुने भएकाले प्रक्रिया छिटो र कम जोखिमयुक्त हुन्छ ।

करको कुरा गर्दा, बेलायतमा घर किन्दा 'स्ट्याम्प ड्युटी' तिर्नुपर्छ। तर, पहिलो पटक घर किन्नेहरूलाई केही छुट दिइन्छ, जसले गर्दा सानो मूल्यको घरमा करको भार कम हुन्छ । यो कर वकिलमार्फत् सरकारलाई बुझाइन्छ। अन्तिममा, 'कम्प्लिसन' को चरणमा घरको स्वामित्व हस्तान्तरण हुन्छ । बैंकले ऋणको पैसा पठाउँछ, वकिलले पैसा आदानप्रदान गर्छन् र घर किन्ने व्यक्तिले घरको साँचो पाउँछ । यस दिनबाट नयाँ घर धनीको जीवन सुरु हुन्छ ।

तर, कानुनी प्रक्रिया यहाँ मात्र रोकिँदैन । अन्तिममा, वकिलले एचएम ल्यान्ड रजिष्ट्रिमा नयाँ स्वामित्व दर्ता गराउँछन् । दर्ता भएपछि, घर किन्ने व्यक्तिले आफ्नो नाममा आधिकारिक 'टाइटल डिड' पाउँछन्, जसले सम्पत्तिमा उसको पूर्ण अधिकार भएको कुरा निश्चित गर्छ। बेलायतमा घर किन्न सजिलो होस् भनेर सरकारले धेरै योजनाहरू ल्याएको छ। पहिलो पटक घर किन्नेहरूलाई 'स्ट्याम्प ड्युटी' मा छुट दिइन्छ, जसले गर्दा सुरुमा लाग्ने खर्च कम हुन्छ। लाइफटाइम आइएसए-एलआइएसएमार्फत् बचत गर्नेहरूलाई सरकारले २५ प्रतिशतसम्म बोनस दिन्छ, जसले बचत गर्न प्रोत्साहन गर्छ। साथै, 'सेयरड ओनर सिप' जस्ता योजनाहरू पनि छन्, जसमा घरको केही हिस्सा किनेर बाँकीको भाडा तिर्न सकिन्छ। यसले गर्दा घर किन्न नसक्नेहरूलाई पनि घरको मालिक बन्न सजिलो हुन्छ ।

आर्थिकरूपमा कमजोर भएकाहरूका लागि लोकल काउन्सिल र हाउजिङ एसोसिएसनले 'सोसल हाउजिङ' को व्यवस्था गरेका छन् । यस्ता घरहरूको भाडा बजारको भन्दा कम हुन्छ, त्यसैले यो कम कमाइ हुनेहरूका लागि एकदमै राम्रो हुन्छ । तर, सामाजिक आवास पाउनका लागि धेरै समय कुर्नुपर्छ र प्राथमिकताका आधारमा पाइन्छ।

विदेशी नागरिकले पनि बेलायतमा घर किन्न सक्छन् । तर, उनीहरूको भिसा, बस्ने अवधि र कमाइको आधारमा ऋण पाउने नियमहरू फरक छन् । कहिलेकाहीँ धेरै पैसा जम्मा गर्नुपर्ने वा ब्याजदर पनि फरक हुन सक्छ। करका नियम पनि फरक हुन सक्छन् । बेलायतको घर किन्ने प्रक्रियामा 'प्रोपर्टी चेन' भन्ने एउटा अप्ठ्यारो कुरा पनि छ। एउटा घरको किनबेच अर्को घरको किनबेचसँग जोडिएको हुन्छ। यदि कुनै एउटा घरको किनबेच रोकियो भने यसले अन्य प्रक्रियामा असर पर्छ ।

यहाँ घर किन्नका लागि धेरै विकल्पहरू छन्, जस्तैः प्राइभेट ट्रिटी, अक्सन, सेयरड ओनर सिप र नयाँ निर्माण भएका घरहरू । यीमध्ये प्राइभेट ट्रिटी सबैभन्दा धेरै प्रयोग हुन्छ, जसमा क्रेता र विक्रेता मिलेर मूल्य निर्धारण गर्छन् । आफ्नो मुख्य घर बेच्दा क्यापिटल गेन्स ट्याक्स लाग्दैन, तर व्यापारिक वा भाडामा दिएको घरमा यो कर लाग्छ । त्यसैगरी, पैतृक सम्पत्ति प्राप्त गर्दा एउटा निश्चित सीमाभन्दा बढी मूल्य भएमा ४० प्रतिशतसम्म इन्हेरिटेन्स ट्याक्स तिर्नुपर्ने नियम छ ।

घरको संरचना र बनावट हेर्दा धेरै प्रकारका घर छन् । तीमध्ये 'डिट्याच्ड' घर अलि महँगो र निजी मानिन्छ, किनकि यो अरू घरसँग जोडिएको हुँदैन । 'सेमी-डिट्याच्ड' घरचाहिँ दुईवटा घर एउटा भित्ताले जोडिएर बनेको हुन्छ । 'टेरेस' घरहरूमा धेरै घर एकै लाइनमा जोडिएका हुन्छन् । सहर तिर 'फ्ल्याट' वा 'अपार्टमेन्ट'हरू धेरै पाइन्छन्, जहाँ ठूलो बिल्डिङमा धेरै परिवार अट्ने कोठाहरू हुन्छन् । 'बङ्गलो' चाहिँ एकतले घर हो, जहाँ सबै कोठा एउटै तलामा हुन्छन् । यो घर सिँढी चढ्न गाह्रो हुनेहरूका लागि एकदमै राम्रो हुन्छ। गाउँतिर पाइने पुरानो शैलीका 'कटेज' र एउटै कोठामा सबै सुविधा भएको 'स्टुडियो' फ्ल्याट पनि बेलायतको बजारमा पाइन्छ ।

घर किन्नका लागि बैंक वा कुनै वित्तीय संस्थाबाट लिइने ऋणलाई मोर्टगेज भनिन्छ । यो ऋण प्रायः २० देखि ३५ वर्षसम्मका लागि हुन्छ र किस्ताबन्दीमा तिर्न सकिन्छ । घर किन्दा सबै पैसा एकैचोटि नभए पनि मोर्टगेजले बाँकी रकम तिर्न सहयोग गर्छ । उदाहरणका लागि, यदि घरको मूल्य तीन लाख पाउन्ड छ र तपाईंले ६० हजार पाउन्ड जम्मा गर्नुभयो भने बाँकी २ लाख ४० हजार पाउन्ड बैंकले मोर्टगेजको रूपमा दिन सक्छ ।

मोर्टगेजहरू धेरै प्रकारका हुन्छन् । फिक्स्ड-रेट मोर्टगेजमा ब्याजदर एउटा निश्चित समय सम्म स्थिर रहन्छ। भेरिएबल-रेट मोर्टगेजमा ब्याजदर बजारको अवस्थाअनुसार घटबढ हुन्छ । इन्टरेस्ट-ओनली मोर्टगेजमा चाहिँ सुरुमा ब्याज मात्र तिर्ने र पछि एकैपटक सबै सावाँ तिर्ने विकल्प हुन्छ । बेलायतमा मोर्टगेज समयमै तिर्न नसकेमा आर्थिक र कानुनी समस्याहरू आउन सक्छन् । यदि कसैले समयमा किस्ता तिर्न सकेन भने त्यसलाई 'एरियर्स' भनिन्छ । यस्तो भएमा बैंक वा मोर्टगेज दिने संस्थाले सुरुमा चेतावनी पत्र पठाउँछन्, सम्पर्क गर्छन् र समस्याको समाधान खोज्नका लागि 'रिपेमेन्ट प्लान' पनि दिन सक्छन् ।

यदि लगातार किस्ता तिर्न नसक्ने अवस्था आएमा तपाईंको क्रेडिट स्कोर घट्छ । यसले भविष्यमा ऋण, क्रेडिट कार्ड वा अन्य वित्तीय सेवाहरू लिन गाह्रो बनाउँछ। यदि समस्या समाधान भएन भने बैंकले कानुनी प्रक्रिया सुरु गरेर अदालतबाट घर जफत गर्ने अधिकार लिन सक्छ, जसलाई 'रिपोजेसन' भनिन्छ ।

घर जफत भएपछि, बैंकले सम्पत्ति बेचेर आफ्नो ऋण असुल गर्छ । यदि घर बिक्री गर्दा ऋणको पूरा रकम उठेन भने बाँकी रहेको रकम ऋणीले नै तिर्नुपर्ने हुन्छ, जसलाई 'सर्टफल' भनिन्छ। यस्तो अवस्थामा समस्या लुकाउनुभन्दा बैंक वा मोर्टगेज दिने संस्थासँग कुरा गर्नु राम्रो हुन्छ। धेरैजसो अवस्थामा उनीहरूले केही समयका लागि राहत दिने, पुनः भुक्तानी योजना बनाउने वा अरू विकल्पहरू दिन सक्छन् ।

यसरी हेर्दा, युकेमा मोर्टगेज प्रणाली जोखिममा आधारित छ। यसमा बैंकले तपाईंको आर्थिक क्षमता हेरेर मात्र ऋण दिन्छ । त्यसैले घर किन्नुअघि राम्रो क्रेडिट स्कोर बनाउनु, नियमित आम्दानी देखाउनु र प्रशस्त पैसा जम्मा गर्नु एकदमै महत्वपूर्ण हुन्छ । बेलायतमा घर किनबेच धेरै हुने गर्छ। यहाँ 'प्रोपर्टी ल्याडर' भन्ने चलन छ। यसअनुसार मानिसहरू आफ्नो आर्थिक अवस्था र आवश्यकताअनुसार घर बदलिरहन्छन् ।

सुरुमा सानो फ्ल्याटबाट जीवन सुरु गरेर परिवार बढ्दै गएपछि ठूलो घरमा सर्ने 'अप्साइजिङ' र बुढेसकालमा छोराछोरी छुट्टिएपछि सानो घरमा सर्ने 'डाउन्साइज' यहाँको चलन जस्तै भएको छ। राम्रो स्कुल भएको ठाउँमा घर खोज्ने, कामका लागि एक ठाउँबाट अर्को ठाउँमा सर्ने र घरलाई सुरक्षित लगानीको रूपमा लिने कारणले पनि यहाँ घर किनबेच धेरै हुन्छ । बैंकबाट सजिलै पाइने मोर्टगेज सुविधा र घर किनबेचको व्यवस्थित नियमले गर्दा बेलायतीहरूका लागि घर बस्ने ठाउँ मात्र नभएर आवश्यकताअनुसार परिवर्तन गर्न मिल्ने सम्पत्तिजस्तो भएको छ ।

*साभार : कारोबार दैनिक*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | परिस्थिति अनुकूल रहे पनि धनमाल हराउने डरले सताउन सक्छ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । तर, आतिथ्य खर्चिलो बन्ने देखिन्छ। | **बृष** | समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ |
| **मिथुन** | भौतिक सुविधाको सोखले खर्च आम्दानी बढ्नेछ। दिउँसोदेखि काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । | **कर्कट** | आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला। नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताई रहन सक्छ । |
| **सिंह** | पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ। चुनौती पन्छाएर काम बनाउन सकिने योग छ । | **कन्या** | भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट मान तथा प्रतिष्ठा पाइनेछ। |
| **तुला** | प्रतिस्पर्धा, विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। दिउँसोदेखि प्रियजनसँग रमाइलो भेटघाट अध्ययनमा उत्साह जगाउनेछ । | **बृश्चिक** | काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। काम प्रारम्भ गर्ने समय छ । |
| **धनु** | हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बलजफ्ती गर्दा काम बिग्रन सक्छ। भने अरूले दाबी गर्न सक्छन् । | **मकर** | इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ |
| **कुम्भ** | अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। सहयोगीहरूले साथ दिन छाड्नेछन् भने प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन् । | **मिन** | वादविवादबाट टाढा रहनुहोला । बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ। ईर्ष्या गर्ने आफन्तहरूबाट सजग रहनुपर्ला । |

**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# शिक्षामा भावनात्मक बुद्धिमत्ता



रविप्रसाद बराल

भावनात्मक बुद्धिमत्ता (इमोसनल इन्टेलिजेन्स-इआई) भनेको व्यक्तिले आफ्ना तथा अरूका भावना बुझ्ने, नियन्त्रण गर्ने र सकारात्मक रूपमा उपयोग गर्ने क्षमता हो । यो केवल भावना महसुस गर्ने कुरा मात्र होइन; आफ्नो भावना सही तरिकाले व्यवस्थापन गर्दै राम्रो निर्णय लिन, स्वस्थ सम्बन्ध बनाउन र समस्या समाधान गर्न सक्ने महत्वपूर्ण जीवन सिप हो । आजको शिक्षामा भावनात्मक बुद्धिमत्ता (इआई) बौद्धिक क्षमता (आइक्यु) जत्तिकै महत्वपूर्ण मानिन्छ ।

भावनात्मक बुद्धिमत्ताका प्रमुख पक्षमध्ये आत्मचेतनाले व्यक्तिलाई आफ्ना भावना, कमजोरी र क्षमता बुझ्न मद्दत गर्छ; जसले सिकाइ र आत्म-विकासमा सुधार ल्याउँछ । आत्म-नियन्त्रणले रिस, डर र तनाव जस्ता भावनालाई सन्तुलित राख्न सहयोग गर्छ । यसले कठिन अवस्थामा पनि ध्यान केन्द्रित गर्न सजिलो बनाउँछ। सामाजिक चेतनाले अरूका भावना बुझ्ने र सहानुभूति देखाउने क्षमता विकास गर्छ र कक्षामा सहयोग र आपसी सम्मान बढाउँछ । सम्बन्ध व्यवस्थापनले साथी, शिक्षक र परिवारसँग राम्रो सम्बन्ध बनाउन र विवादलाई शान्तिपूर्णरूपमा समाधान गर्न मद्दत गर्छ । यी सिपले विद्यार्थीलाई केवल पढाइमा मात्र होइन, दैनिक जीवनमा पनि सफल र सन्तुलित बन्न सहयोग पुऱ्याउँछन् ।

***शिक्षामा भावनात्मक बुद्धिमत्ता :***

शिक्षामा भावनात्मक बुद्धिमत्ताको भूमिका महत्वपूर्ण छ । यसले विद्यार्थीमा आन्तरिक प्रेरणा र आत्मविश्वास बढाउँछ। जब विद्यार्थीले आफ्ना भावना बुझ्न र स्विकार्न सिक्छन्, उनीहरू सिकाइ प्रति सकारात्मक हुन्छन् । यस्तो आत्मविश्वासले उनीहरूलाई नयाँ कुरा सिक्न, जिज्ञासा बढाउन र चुनौतीलाई अवसरका रूपमा लिन प्रेरित गर्छ। परिणामस्वरूप उनीहरू पढाइमा बढी सक्रिय देखिन्छन् ।

भावनात्मक बुद्धिमत्ताले कक्षाको वातावरणलाई पनि सकारात्मक र सहयोगात्मक बनाउँछ। जब शिक्षक र विद्यार्थीबिच आपसी सम्मान, विश्वास र समझदारी हुन्छ; सिकाइ अझ प्रभावकारी हुन्छ । भावनात्मक बुद्धिमत्ता उच्च भएका विद्यार्थीले साथीको भावना बुझ्ने, सहयोग गर्ने र समूहमा मिलेर काम गर्ने सिप विकास गर्छन् । यसले कक्षामा झगडा र द्वन्द्व घटाई राम्रो सिकाइ वातावरण निर्माण गर्छ। विद्यार्थीको निर्णय क्षमता र समस्या समाधान गर्ने सिप पनि सुधार गर्छ । उनीहरूले सोचविचार गरेर निर्णय लिन सिक्छन् । समस्याको समाधान आफैँ गर्ने उपाय खोज्छन् ।

भावनात्मक बुद्धिमत्ताले मानसिक स्वास्थ्यमा पनि सकारात्मक असर पार्छ। आजको प्रतिस्पर्धात्मक वातावरणमा आउने तनाव, डर र दबाबलाई व्यवस्थापन गर्न यसले मद्दत गर्छ। भावनात्मक बुद्धिमत्ता प्रबल भएका विद्यार्थीले असफलतालाई निराशाका रूपमा नभई सिकाइको अवसरका रूपमा स्विकार्छन् । यसले उनीहरूलाई अझ बलियो र आत्मनिर्भर बनाउँछ। भावनात्मक बुद्धिमत्ता शिक्षाको महत्वपूर्ण हिस्सा हो । विद्यालय देखि नै यसको विकासमा ध्यान दिइयो भने विद्यार्थी केवल पढाइमा मात्र होइन; जीवनका हरेक क्षेत्रमा सक्षम, जिम्मेवार र सन्तुलित व्यक्ति बन्न सक्छन् । भावनात्मक बुद्धिमत्ता केवल आधुनिक अवधारणा होइन, यसको अभ्यास र महत्व प्राचीन कालदेखि नै विभिन्न धार्मिक तथा पौराणिक ग्रन्थहरूमा पाइन्छ । विशेष गरी महाभारतमा वर्णित पात्र र घटनाले भावनात्मक सन्तुलन, आत्मचेतना र सम्बन्ध व्यवस्थापनका महत्वपूर्ण पाठ सिकाउँछन् । यी उदाहरण आज २१ औं शताब्दीको शिक्षामा भावनात्मक बुद्धिमत्ताको महत्व बुझ्न उपयोगी छन् ।

महाभारतमा श्रीकृष्णको चरित्र भावनात्मक बुद्धिमत्ताको उत्कृष्ट उदाहरण हो । उनले कठिन र तनावपूर्ण परिस्थितिमा पनि धैर्य, संयम र बुद्धिमानीपूर्ण सोच देखाएका छन् । युद्ध जस्ता जटिल परिस्थितिमा पनि उनले भावनामा नबगी परिस्थिति बुझेर सही मार्गदर्शन दिएका छन् । यसले हामीलाई कठिन परिस्थितिमा पनि भावनालाई नियन्त्रण गरेर सही निर्णय लिन सकिने वास्तविकता सिकाउँछ । अर्जुनको प्रसङ्ग आत्म चेतना र भावनात्मक सन्तुलनको उत्कृष्ट उदाहरण हो ।

महाभारतमा श्रीकृष्ण र अर्जुनको सम्बन्ध केवल मित्रता मात्र होइन, आत्मिक सहयात्रा हो । कृष्ण अर्जुनका मार्गदर्शक, सारथि, दार्शनिक गुरु र आत्मीय साथी थिए; जसले धर्म र कर्तव्यबोधको मार्ग देखाए । युद्धभूमिमा आफ्नै नातेदारसँग लड्नु पर्ने परिस्थितिले अर्जुनलाई अन्योलमा पाऱ्यो । उनले आफ्नो भावना दबाउनुको सट्टा स्वीकार गरे र श्रीकृष्णसँग मार्गदर्शन लिए । आफ्नो भावना बुझ्नु र सही सहयोग खोज्नु पनि भावनात्मक बुद्धिमत्ताको महत्वपूर्ण पक्ष हो । दुर्योधनको चरित्र भावनात्मक बुद्धिमत्ताको अभावको उदाहरण हो । उनको घमण्ड, रिस र ईर्ष्या नियन्त्रणमा नआउनु नै उनको पतनको कारण बन्यो । उनले आफ्ना नकारात्मक भावनाहरूलाई व्यवस्थापन गर्न नसक्दा गलत निर्णयहरू गरे जसले ठूलो नोक्सान निम्त्यायो यसबाट स्पष्ट हुन्छ, भावनालाई नियन्त्रण नगर्दा जीवनमा गम्भीर समस्या आउन सक्छ। भावनात्मक बुद्धिमत्तासम्बन्धि शिक्षा प्राचीन ग्रन्थहरूमा उल्लेख पौराणिक सन्दर्भहरूसँग आधुनिक शिक्षालाई जोडेर पढाउँदा विद्यार्थी भावनात्मकरूपमा सन्तुलित, जिम्मेवार र सही निर्णय लिन सक्षम हुन्छन् ।

आधुनिक मनोविज्ञानमा भावनात्मक बुद्धिमत्ताको अवधारणालाई विकास र लोकप्रिय बनाउन प्रमुख भूमिका खेल्ने विद्वान्हरूमध्ये अमेरिकी मनोवैज्ञानिक डेनियल गोलम्यान अग्रपङ्क्तिमा पर्छन् । उनले आफ्नो प्रसिद्ध कृति 'इमोसनल इन्टेलिजेन्स' मार्फत इआईलाई विश्वव्यापी रूपमा परिचित गराउँदै सफल जीवनका लागि केवल बौद्धिक क्षमता मात्र पर्याप्त नहुने तर्क प्रस्तुत गरेका छन् । उनका अनुसार व्यक्तिको दीर्घकालीन सफलता, नेतृत्व क्षमता र राम्रो सम्बन्ध निर्माणमा भावनात्मक बुद्धिमत्ताको भूमिका महत्वपूर्ण हुन्छ । यसले शिक्षामा पनि विद्यार्थीको भावनात्मक र सामाजिक सिप विकास गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ । अमेरिकी मनोवैज्ञानिकद्वय पिटर सालोवे र जोन डी मेयरले भावनात्मक बुद्धिमत्तालाई व्यक्तिको सामाजिक र भावनात्मक क्षमताका आधारका रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार पनि भावनात्मक बुद्धिमत्ता भनेको आफ्ना तथा अरूका भावनालाई सही रूपमा पहिचान गर्ने, बुझ्ने र व्यवस्थापन गर्ने क्षमता हो । यसले व्यक्तिको व्यवहार, निर्णय प्रक्रिया र सम्बन्धमा प्रत्यक्ष प्रभाव पार्छ । उनीहरूको अनुसन्धानले पनि शिक्षामा भावनात्मक बुद्धिमत्तालाई समावेश गर्नु आवश्यक र प्रभावकारी हुने कुरा स्पष्ट बनाएको छ ।

**अन्तर्राष्ट्रिय अभ्यास :**

आजको विश्वमा भावनात्मक बुद्धिमत्तालाई शिक्षाको महत्वपूर्ण हिस्सा मानिन्छ । शैक्षिक, सामाजिक र भावनात्मक सिकाइका लागि भनेर खोलिएका संस्थाले सामाजिक-भावनात्मक शिक्षालाई विद्यालय तहमा लागु गर्न विश्वव्यापी अभियान सञ्चालन गरिरहेका छन् । यस कार्यक्रमले विद्यार्थीमा आत्मचेतना, सहानुभूति, जिम्मेवारी र सम्बन्ध व्यवस्थापन जस्ता जीवनोपयोगी सिप विकास गर्न जोड दिन्छ। विकसित देश संयुक्त राज्य अमेरिका र फिनल्यान्डमा विद्यालय शिक्षामा केवल किताबी ज्ञान मात्र होइन, जीवनोपयोगी सिप र मानसिक स्वास्थ्यलाई पनि विशेष प्राथमिकता दिइएको छ। त्यहाँको शिक्षण प्रणालीले विद्यार्थीको समग्र विकासलाई मुख्य लक्ष्य बनाएको हुन्छ। यसका लागि विभिन्न आधुनिक शिक्षण विधि अपनाइन्छ, जस्तै-समूह कार्य, परामर्श सेवा, गतिविधिमा आधारित शिक्षण । यी विधिले विद्यार्थीलाई व्यावहारिक अनुभवमार्फत् सिक्न मद्दत गर्छन् र उनीहरूको भावनात्मक बुद्धिमत्ता विकासमा महत्वपूर्ण भूमिका खेल्छन् । भावनात्मक बुद्धिमत्ता आधुनिक शिक्षाको अनिवार्य अंग हो । यसले विद्यार्थीलाई केवल पढाइमा मात्र होइन, जीवनका सबै क्षेत्रमा सक्षम, सन्तुलित र सफल बनाउँछ । अन्तर्राष्ट्रिय अभ्यासहरूले यसलाई स्पष्ट रूपमा देखाउँछन् ।

*साभार : गोरखापत्र*

# 'सपना बाँड्ने होइन, परिणाम दिने बजेट आवश्यक'

काठमाडौं/प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले लोकतन्त्र संवाद, बहस, छलफल, सहमति र सहभागितामा आधारित प्रणाली भएको उल्लेख गर्दै संसद्मा उठाइने जनप्रतिनिधिका आवाज र प्रश्नलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा सम्बोधन गर्दै उनले वर्तमान सरकार लाई सुरुदेखि नै सकारात्मक र रचनात्मक सहयोगको प्रतिबद्धता व्यक्त गरिएको स्मरण गराए । मुलुकमा बढ्दो महंगी, गरिबी र जनजीवनको कठिन अवस्थाप्रति सरकारले प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिँदै नेता आङ्देम्बेले अव्यवस्थित तथा अतिक्रमित स्थानबाट व्यवस्थापन गरिएका भूमिहीन, सुकुम्बासी, अशक्त, बालबालिका र सुत्केरीलाई उचित बसोबासको व्यवस्था गर्न माग गरे ।

सम्पत्ति छानबिन आयोग गठनलाई सकारात्मक कदम भने पनि २०४७ देखि २०५९ सम्मको छानबिनसम्बन्धि लम्साल आयोगको प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए। बजेट अधिवेशनबारे उनले पूर्वबजेट छलफलका लागि संसद्ले पर्याप्त समय नपाएको गुनासो गरे । नीति तथा कार्यक्रम र बजेटबीच तालमेलको अभाव रहेको उल्लेख गर्दै नेता आङ्देम्बेले स्रोत सुनिश्चितता, पुँजीगत् खर्च वृद्धि तथा सार्वजनिक खर्चको प्रभावकारितामा स्पष्ट दृष्टिकोण आवश्यक रहेको उल्लेख गरे ।



उनले सपना बाँड्ने होइन, परिणाम दिने बजेट आवश्यक रहेको उल्लेख गर्दै सार्वजनिक ऋणको भार र कमजोर राजस्व अवस्थाले अर्थतन्त्र चुनौतीपूर्ण बनेको बताए । संविधान संशोधनका विषयमा नेता आङ्देम्बेले व्यापक राष्ट्रिय सहमति, विज्ञता र सहभागिता आवश्यक रहेको धारणा राखे । भारतसँगको खुला सीमासम्बन्धि व्यवस्थामा व्यवहारिक दृष्टिकोण आवश्यक रहेको उल्लेख गर्दै उनले सीमावर्ती जनजीवनलाई असर पर्ने गरी नीतिगत् निर्णय नगर्न आग्रह गरे । नेता आङ्देम्बेले जलवायु परिवर्तनका कारण विपद्का जोखिम बढिरहेका बेला पर्याप्त पूर्वतयारी गर्न सरकारलाई सुझाव दिए ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा प्रधानमन्त्री वालेन्द्र शाह (वालेन) संसद् बैठकबाट बाहिरिएको घटनामा जवाफ माग गरेको छ । मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा कांग्रेस प्रमुख सचेतक बासना थापाले प्रधानमन्त्रीको जवाफ मागेकी हुन् । 'लोकतान्त्रिक संसदीय अभ्यासको इतिहासमा सायद विरलै देखिने दृष्य देखियो, राष्ट्रपतिज्युबाट सरकारकै नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा प्रधानमन्त्रीज्यु संसद्बाट बाहिरिनु यो केवल सामान्य दृष्य होइन,' थापाले भनिन् ।

संवैधानिक संस्कार, संसदीय परम्परा, राज्यको उत्तरदायित्व र सरकारको गम्भीरता हुनुपर्नेमा कांग्रेसलाई लागेको थापाको भनाइ छ । 'यस विषयमा स्पष्ट जवाफ दिइयोस् । यस्ता घटनाको पुनरावृत्ति नहोस् । लोकतन्त्रमा पदभन्दा ठूलो कुरा मर्यादा र मर्यादाभन्दा ठूलो कुरा जनविश्वास हो भन्ने कुरामा ध्यान जाओस्,' उनले भनिन्–प्रतिपक्षी दलको तर्फबाट प्रधानमन्त्रीज्युको जवाफको माग गर्दछु । सोमबार राष्ट्रपति पौडेलले सरकारको नीति तथा कार्यक्रमको विषयमा वाचन गरि रहँदा प्रधानमन्त्री शाह बाहिरिएपछि चौतर्फी आलोचना भइरहेको छ ।

स्वतन्त्र सांसद् महावीर पुनले नप्रवर्तन र विज्ञान अनुसन्धानलाई प्राथमिकतामा राख्न आग्रह गरे । विशेष बैठकमा उनले यसअघि आफू सरकारमा हुँदा नवप्रवर्तन र विकास अनुसन्धानका लागि अध्यादेश ल्याउन प्रयास गरेको अवगत गराए । यो आफ्नो माग भएको र यसमा काम गर्न सरकारसँग उनले आग्रह गरे ।

उनले विज्ञानप्रविधि, नवप्रवर्तन र अनुसन्धानसम्बन्धि छुट्टै मन्त्रालय गठन गर्नुपर्ने माग गरे । उनले आफू २०८२ फागुन २१ गतेको निर्वाचन गराउने सरकारको मन्त्री रहेको बताउँदै त्यही सरकारले गरेको निर्वाचनबाट नै वर्तमान संसद् र सरकार बनेको उल्लेख गरे । तत्कालीन अवस्थामा आफूले ल्याउन खोजेका तीन वटा अध्यादेशमध्ये शिक्षालाई राजनीतिबाट मुक्त गर्नका लागि विश्वविद्यालयसम्बन्धि अध्यादेश वर्तमान सरकारले उक्त अध्यादेश ल्याएको बताउँदै तर कुलपति भने प्रधानमन्त्री नहुने व्यवस्था गर्नुपर्ने उनले माग गरे ।

श्रम संस्कृति पार्टी संसदीय दलका नेता हर्कराज (साम्पाङ) राईले संसद्मा सांसद्ले उठाएका प्रश्नहरुका जवाफ प्रधानमन्त्री वालेन्द्र (वालेन) ले दिनुपर्ने माग गरेका छन् । प्रतिनिधिसभा बैठकमा नेता राईले जनताले निर्वाचित गरेको प्रधानमन्त्रीले जनताको आवाज सुन्नुपर्नेमा जोड दिए ।

संविधानमा स्थापित अधिकार लाई सरकारले सम्मान गरेमात्र लोकतन्त्रलाई सही बाटोमा लैजान सकिने उनको भनाइ थियो । पाथीभरमा केबलकार निर्माणका नाममा गरिएको धार्मिक अतिक्रमण आफूहरुलाई मान्य नहुने बताउँदै नेता राईले केबलकार निर्माण तत्काल रोक्न माग गरे ।

# सरकारको निर्णयविरुद्ध आन्दोलनका लागि मोर्चाबन्दी



महोत्तरी/राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल महोत्तरीले भूमि अधिकारको पक्षमा खबरदारी गर्दै र्‍याली निकालेको छ । सरकार विरुद्ध नाराबाजी गर्दै हजारौं सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीहरुले र्‍याली निकालेका हुन् ।

सरकारले ऐलानी, पर्ती तथा सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउने अभियान देशभर सुरु गरेसँगै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको पक्षमा जनसमर्थन बढ्दै गएको देखिएको छ । भूमि अधिकार मञ्च केन्द्रीय महासचिव फौदसिंह स्यांबोले प्रारम्भिक चरणमै हजारौं जनता सडकमा उत्रिएको बताउँदै सरकारको तानाशाही निर्णयविरुद्ध थप आन्दोलनका लागि मोर्चाबन्दी भइ–रहेको बताए ।

महासचिव स्यांबोका अनुसार महोत्तरीमा मात्र २७ हजारभन्दा बढी सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । तर, भूमि समस्या समाधान आयोग महोत्तरीले उपलब्ध गराएको तथ्यांकअनुसार लागत प्रविष्ट गराएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारको संख्या महोत्तरीमा १९ हजार ६ सय ७ छ ।

जसमध्ये भूमिहीन दलित ५ हजार ३ सय २२, भूमिहीन सुकुम्बासी ५ हजार २५ तथा अव्यवस्थित बसोबासी ९ हजार २ सय ६० घरपरिवार रहेका आयोगका पूर्वजिल्ला अध्यक्ष पिताम्बर महतोले जानकारी दिए । जिल्लाको उत्तरी क्षेत्रमा अधिकांश अव्यवस्थित बसोबासी छन् ।

आधा शताब्दीदेखि भोगाधिकार गर्दै आएका कतिपयले किनबेचसमेत गर्दै आएका छन् । यद्यपि, वनक्षेत्रमा व्यापक अतिक्रमण गरी कतिपय स्थानमा बस्तीसमेत बसाइएको जिल्ला वन कार्यालयले जनाएको छ । जिल्ला वन कार्यालय प्रमुख अजय मिश्रका अनुसार अतिक्रमित वनक्षेत्र पहिचान गरी सात दिने सूचनासमेत जारी गरिसकिएको छ ।

सागरनाथ वन परियोजना, सामुदायिक, साझेदारी तथा धार्मिक वनका जग्गा अतिक्रमणमा परेको र त्यस्ता क्षेत्रलाई नियन्त्रणमुक्त बनाउने अभियान सुरु भइसकेको प्रमुख मिश्रको भनाइ छ ।

*सांसद्कै त्रासपूर्ण अभिव्यक्ति*

महोत्तरी क्षेत्र–१ का संघीय सांसद् प्रमोद महतोले तत्काल डोजर नचल्ने भए पनि भविष्यमा चल्नसक्ने संकेत गरेका छन् ।

सबभन्दा बढी भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेको क्षेत्रमा सांसद् महतोको अभिव्यक्तिले थप शंकाको अवस्था सिर्जना भएको स्थानीयले बताएका छन् । उनीहरुले जिल्लास्थित सरोकारवाला निकायले जारी गरेको सूचनाविपरीत भ्रम र त्रास सिर्जना गरिएको आरोप लगाएका छन् ।

जिल्ला प्रशासन कार्यालय द्वारा जारी सूचनामा भने ऐलानी, पर्ती, सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण भएको पाइएमा नियन्त्रण मुक्त बनाइने व्यहोरा उल्लेख गरिएको छ । सांसद् महतोले भनेका छन्–हाल महोत्तरीका विभिन्न स्थानमा सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा भूमिहीन नागरिकहरुको घर तत्काल भत्काइने भन्ने हल्ला फैलाएर जनतामा भ्रम र त्रास सिर्जना गर्ने प्रयास भइरहेकोप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

उनले कुनै निकायले बल प्रयोग गरेर वा आवश्यक प्रक्रिया पूरा नगरी घर भत्काउने कार्य गरे त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकाय स्वयम्ले वहन गर्नुपर्ने चेतावनीसमेत दिएका छन् ।

# मागियो सडक सुरक्षा परिषद्



काठमाडौं/प्रतिनिधिसभा अन्तर्गत् पूर्वाधार विकास समितिको बैठकमा सांसद्हरुले सडक दुर्घटना न्यूनीकरणका लागि प्रविधिमैत्री निग–रानी प्रणाली, जनचेतना अभिवृद्धि तथा प्रभावकारी कानुन कार्यान्वयनमा जोड दिएका छन् । समितिका सदस्यहरुले सवारीको गति बढी हुँदा स्वचालितरुपमा सचेत गराउने डिजिटल उपकरण जडान गर्न सकिने र सडक सुरक्षालाई आधुनिक प्रविधिसँग जोडेर अघि बढाउनुपर्ने धारणा राखेका हुन् ।

बैठकमा समितिका सभापति आशीष गजुरेलले वार्षिकरुपमा तीन हजार जनाले सडक दुर्घटनामा ज्यान गुमाएकाले सडक सुरक्षासम्बन्धि नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिए । सांसद् बासना थापाले सडक सुरक्षासम्बन्धि जनचेतनामूलक कार्यक्रम प्रभावकारी बनाउनुपर्ने बताइन् । उनले कर्णाली प्रदेशमा रात्रिकालीन यातायात बन्द गरिएपछि दुर्घटना न्यूनीकरणमा सका–रात्मक प्रभाव परेको उल्लेख गर्दै त्यसले जनजीवनमा पारेको प्रभावको समेत मूल्यांकन हुनुपर्ने बताइन् ।

सांसद राजेन्द्रकुमार राईले मोबाइल फोन प्रयोग तथा सवारी चलाउँदा संगीत सुन्ने प्रवृत्तिका कारण पनि सडक दुर्घटना बढि–रहेको बताए । उनले चालकको अनुशासन र सचेतनामा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याए ।

सांसद् गोपाल शर्माले ग्रामीण क्षेत्रका सडक सुधारका लागि विशेष पहल आवश्यक रहेको बताए । उनले निगरानी प्रविधिमा लगानी गर्न सके सडक दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने धारणा राखे । सांसद् शर्माले कर्णाली क्षेत्रमा रात्रिकालीन यातायात सञ्चालनका लागि सडक विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए ।

सांसद् आशा झाले सडक निर्माणका काम समयमै सम्पन्न हुनुपर्ने बताइन् । सांसद् राजु पाण्डेले सडक सुरक्षासम्बन्धि कानुन कार्यान्वयनको अवस्थाबारे समग्र मूल्यांकन आवश्यक रहेको बताए । उनले जनशक्तिमात्र बढाउनुभन्दा आधुनिक प्रविधि प्रयोग विस्तार गर्नुपर्नेमा जोड दिए ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले पहिरोका कारण सडक सुरक्षामा थप चुनौती देखिएको बताए । उनले सडककिना–रमा राखिने विज्ञापन सामग्रीले समेत दुर्घटना बढाउने गरेको उल्लेख गर्दै स्थानीय सडकसञ्जाल व्यवस्थापनमा स्थानीय तहले विशेष ध्यान दिनुपर्ने धारणा राखे ।

विषयविज्ञ भगवती सेढाईंले मापदण्डअनुसार गुणस्तरीय हेल्मेटको प्रयोग सुनिश्चित गर्न पहल आवश्यक रहेको धारणा राखिन् । उनले सडक दुर्घटना कम गर्न ट्राफिक प्रहरीको जनशक्ति वृद्धि गर्नुपर्ने तथा सडक सुरक्षाका लागि छुट्टै सडक सुरक्षा परिषद् गठन गर्न सुझाए ।

# जिन्दगीको 'अन्तिम सीमा बिन्दु

गत वर्ष जनवरीमा नेपाल भ्रमणका क्रममा एक साँझ मेरो एकजना बाल्यकालको साथीको फोन आयो । प्रायजसो फुर्तिलो स्वरमा कुराकानी गर्ने उनी सदाको जस्तो हसिलो र जोशिलो नभई उनको स्वर मलिन, कता कता डर र चिन्ताले भरिएको थियो । उनले भनिन्, 'आमा अचानक सिकिस्त बिरामी हुनुभयो र अस्पतालमा भेन्टिलेटरमा हुनुहुन्छ ।' उनी बढी केही बोल्न सकिनन् फोन काटियो ।

भोलिपल्ट हस्याङफस्याङ गर्दै अस्पताल परिसर पुगेँ । आईसीयू बाहिर परिवारको घुइँचो थियो । कोही रुद्राक्षको माला गन्दै, कोही फार्मेसीतिर दौडधुप गर्दै त कोही आँखाभरि आँसु टिलपिल पार्दै आमाको स्वास्थ्य लाभको प्रतीक्षामा कुरिरहेको पाएँ । अनि साथी आफैँले भन्न थालिन्- 'वर्षौंदेखिको मधुमेह (डायबिटीज) का कारण दुवै मिर्गौलाले काम गर्न छाडिसकेको रहेछ, मुटु, कलेजो र फोक्सो सबैमा समस्या देखिएको छ । डाक्टरहरूले डायलाइसिस गर्ने सल्लाह पनि दिएका छन् ।'

अनि यताउता अरू आफन्त र कुरुवाको अनुहार चिहाउन पुग्छु । आमाका लागि श्वास रहुन्जेल आश र त्यो जीर्ण अनि वृद्ध शरीर लास नभएसम्म 'भगवान्' रूपी डाक्टरहरूको प्रेस्क्रिप्सन र 'अप्सरा' रूपी नर्सहरूको अर्डरअनुसार धमाधम औषधि र सलाइन पानी किन्ने परिवारको लर्को पाएँ । तर, सबैको अनुहारमा भने निराशा र सन्नाटा छाएकै थियो ।

मैले मेरो साथी र उनका आफन्तलाई सोधेँ- डाक्टरहरूले अरू के-के सल्लाह दिएका छन्, स्वास्थ्य सुधार के-कस्तो छ, आमाको अन्तिम इच्छा के थियो आदि इत्यादि । एकैछिन सबैजना अलमल्ल पर्दै अनुत्तरित हुनुभयो । एकछिन पछि सबैले एउटै स्वरमा भने, 'हामीलाई त्यति धेरै यसको बारेमा केही थाहा छैन तर आमालाई जसरी भए पनि बचाउनुपर्छ । डाक्टर र नर्सको सल्लाहअनुसार हामीले औषधि र सलाइन पानी जति पनि किनेर ल्याएका छौँ र ल्याउन पनि सक्छौँ । कदम कदाचित केही अपरेसन गरि हाल्नु परे पनि हामी खर्च जुटाउन तयार छौँ ।'

केही बेरको बातचीतपछि म आमालाई भेट्ने बहानामा साथीसँग आईसीयूमा पसेँ । संयोग पनि कस्तो, म नर्सिङ पढ्दा उहाँ मेडिसिन पढ्ने, हामी गर्ल्स होस्टेलमा सँगै बसेको र तीन वर्षसम्म एउटै मेसमा खाना खाएको डाक्टर रुबी आईसीयूको कन्सल्टेन्ट हुनुहुँदो रहेछ । डाक्टर रुबीको विस्तृत जानकारीबाट थाहा भयो कि ती ८२ वर्षीया आमाको स्वास्थ्य अवस्था जटिल र गम्भीर भइसकेको रहेछ । उहाँ आईसीयू र भेन्टिलेटरमा ५ दिनदेखि हुनुहुँदो रहेछ ।

अब थप उपचारले आमाको आयु लम्ब्याउनु र गुणस्तरीय जीवन पाउनु भन्दा दुःख लम्ब्याउने, आमा र परिवार दुवैलाई बढी शास्ती हुने, आर्थिक, मानसिक, शारीरिक र सामाजिक हिसाबले बढी तनाव हुने सम्भावना मैले बुझेँ । अनि मैले पच्चीसौँ वर्षको विदेश बसाई, पेसागत सिकाइ र भोगाइका आधारमा दुईवटा उपाय सुझाएँ । एक, आमालाई भेन्टिलेटरबाट निकालेर 'कम्फर्ट केयर' को अवधारणा अनुसार मर्फिन वा मिडाजोलाम दिएर जीवनको अन्तिम दिनको तयारी गर्ने । अर्को, कि त घर लगेर आफ्नो धर्म र आस्थाअनुसार विधि पूरा गरी दशदान, वैतरणी आदि इत्यादि गर्ने । परिवारले भेन्टिलेटरबाट झिक्ने तर मर्फिन वा मिडाजोलाम चाहिँ नदिने निर्णय गर्नुभएछ । हुन त नेपालको परिवेशमा क्यान्सर रोग लागेका बिरामीहरूलाई मात्रै जीवनको अन्तिम क्षणमा मिडाजोलाम वा मर्फिन दिइने चलन रहेछ (मेरो बुझाइमा) ।

दुई दिनपछि आमालाई आईसीयूमा भेट्न गएँ-'टर्मिनल एजिटेसन' का कारण उहाँ धेरै छट्पटाउँदै हुनुहुँदो रहेछ । आमाको श्वासनली, रक्तनली, मूत्रनली सबैतिर पाइप झुन्ड्याइएको थियो । आईसीयूमा 'वान इज टु वान' नर्सको व्यवस्था नहुने हुँदा उहाँका चारै हातखुट्टा बेडको छेउमा बाँधेर राखिएको थियो । हामीलाई त्यो दृष्य टुलुटुलु हेरेर बस्नु बाहेक अरू केही उपाय थिएन । दुर्भाग्यवश, आमालाई हेर्दाहेर्दै त्यही दृष्यमा आमाले अन्तिम श्वास लिनुभयो । त्यो मेरो जीवनको एक अविस्मरणीय दृष्य थियो ।

केही दिनपछि अस्ट्रेलिया फर्केर आफ्नो पेसागत दैनिकीमा हाजिर हुन थालेँ । काममा फर्केको केही हप्ता र महिनासम्म त्यही दृष्यले धेरै घच्घच्यायो । अनि बारम्बार एउटै प्रश्न उठ्न थाल्यो, 'किन हामीले उपचारले बचाउन नसक्ने अवस्थाको मानिसलाई सहज मृत्युको व्यवस्थापन गर्न सक्दैनौँ ?'

गत महिना मिथिला शर्मा र सुरक्षा पन्तद्वारा अभिनित नेपाली चलचित्र 'आमा' हेर्ने मौका मिल्यो । हुन त चलचित्र बनाउँदा प्रायजसो तिनका कथा र पात्रहरू काल्पनिक नै हुन्छन् । यो चलचित्रमा पनि कथा र पात्रहरू काल्पनिक भएता पनि समय सान्दर्भिक, सन्देशमूलक र जीवन्त प्रस्तुति दिने कोशिस गरिएको थियो । त्यो चलचित्र हेर्दा कता-कता धेरै नेपालीहरूको जीवनको भोगाइसँग मेल खान्छ जस्तो लाग्यो । वर्तमान नेपाली समाजको तीतो यथार्थलाई त्यसमा राम्रोसँग चित्रण गरिएको छ, जुन धेरै मार्मिक र सान्दर्भिक लाग्यो ।

चलचित्रमा देखाइएका दृष्यहरू-जस्तै पैसा जम्मा गर्न नसकेसम्म बिरामी भर्ना नगर्नु, प्रोसिडर र इन्भेस्टिगेसन गर्न नखोज्नु, अस्पताल प्रशासन र बिरामीका आफन्तबीच घरिघरि रकमको बारेमा किचकिच चलिरहनु, मस्तिष्क- घात भएर मृत्यु भइसकेको बिरामीलाई भेन्टिलेटरमा राखेर परिवारलाई औषधि र सलाइन पानी किन्न पठाउनु, जुनियर डाक्टरको अर्कोतर्फ विवाहित छोरीले गलाको मंगलसूत्र र तिलहरी बेचेर बाबुको लास अस्पतालबाट झिकाउनु, कपाल खौरिएर अन्तिम संस्कार गर्नु, सन्तानको खुसी र भविष्य सोच्दा सोच्दै बाबुआमाको जिन्दगी सकिनु, अनि जीवनको अन्तिम घडीमा विदेशिएका छोराछोरीले बाबुआमाको मुखसमेत हेर्न नपाउनु जस्ता दृष्यहरूले चलचित्र हेर्दाहेर्दै आँसु बगेको पत्तै भएन । यी दृष्यहरू काल्पनिक भए तापनि धेरै हदसम्म नेपाली समाजको आजको तीतो यथार्थ हुन् ।

अन्तिममा हामी यस्ता अवस्थाको बारेमा सोच्न सक्छौं ?

# हटाइए हर्कराज



काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभाका सचिव हर्कराज राईलाई पदबाट हटाएका छन् । राष्ट्रपति कार्यालयका अनुसार नेपालको संविधान तथा संघीय संसद् सचिवालयसम्बन्धि कानुनी व्यवस्थाअनुसार राईलाई पदमुक्त गरिएको हो ।

राष्ट्रपति कार्यालयबाट जारी सूचनामा उनको पदमुक्तिसम्बन्धि निर्णय तत्काल लागु हुने उल्लेख गरिएको छ । राई केही समयदेखि विवादमा तानिएका थिए । संसद् सचिवालयभित्रको प्रशासनिक कामकारबाही, व्यवस्थापन तथा आचरणसम्बन्धि विषयलाई लिएर उनीमाथि प्रश्न उठ्दै आएको थियो । पछिल्लो निर्णयसँगै संसद् सचिवालयमा नयाँ सचिव नियुक्ति प्रक्रिया अगाडि बढ्ने सम्भावना रहेको स्रोतले जनाएको छ । यस विषयमा सरकार वा संसद् सचिवालयले विस्तृत धारणा सार्वजनिक गरिसकेको छैन । थप विवरण आउन बाँकी छ ।

## हकदावीसम्बन्धि ३५ दिने सार्वजनिक सूचना

*निवेदक: मैकु माया थिङ (पत्नी)* — *जग्गावाला : मनध्वज थिङ (पति)*

जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को तपशिल बमोजिमका जग्गा मनध्वज थिङको नाममा नापी नक्सा भएको टिकुलीया मौजाको रैति नं. ६७ को रैती मानध्वज थिङको नाममा साविक भोग लगत कायम भई उल्लेखित तपशिलका जग्गा दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला मनध्वन थिङको मिति २०६२/११/१९ मा मृत्यु भएको निजको हकखाने एक मात्र पत्नी मैकुमाया थिङ भएको र उल्लेखित तपशिलका जग्गा निजले नै साविकदेखि हालसम्म निरन्तररुपमा हकभोग गरी भोगचलन गरी आएकोले निवेदक मैकुमाया थिङको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि बकैया गाउँपालिका ६ नम्बर वडा कार्यालयको च.नं. ६५२ मिति २०८२/०२/०६ को हकभोग तथा हकदारको व्यहोरा खुलि आएको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु, साविक लगत, फिल्डबुक उतार तथा नक्सासमेत संलग्न राखी द.नं. १३५ मिति २०८२/०२/२६ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावीबमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता नामसारी गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदकबाहेक अन्य कोही हकदारहरु भए वा निवेदकबाहेक अरु कसैको हकभोग भएको भए वा सांध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्वलगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू–संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैंतीस) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स–प्रमाण दाबी उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

***तपशिल :***

| सि नं. | फिल्डबुकको व्यहोरा : | | | | | | साविक लगतको विवण |
|---|---|---|---|---|---|---|---|
| | फिल्डबुकवाला | साविक गाविस/न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.बि. | कैफियत/निवेदक | |
| १. | मनध्वज थिङ पं. हटिया वडा नं. ८ बुवा: बलध्वज बाजे : ... | हटिया | ८ | १०६८ को फोर्ड कि. नं. ४५७१ | ०–९–१२ | मैकु माया थिङ | जि.म. हटिया टिकुलीया मौजा ६७ नं. रैति मानध्वज थिङ |


**श्री मालपोत कार्यालय, मकवानपुर**







**आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा**




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# १४ पुलको ठेक्काका लागि सहमति

सन्देश संवाददाता

सुर्खेत/सन् २०१९ नोभेम्बर ७ मा नेपाली सेनाले जाजरकोट–डोल्पा सडकखण्डअन्तर्गत् १ सय १८ किलोमिटरमध्ये १ सय ३ किलोमिटर सडकको ट्र्याक खोलिसकेपछि सडक डिभिजन कार्यालय चौरजहारीलाई छलगाड किनारमा आयोजित औपचारिक कार्यक्रममार्फत् हस्तान्तरण गरेको थियो ।

सडक हस्तान्तरण भएको सात वर्षपछि उक्त सडकखण्डको ५६ किलोमिटर क्षेत्रमा कालोपत्र गर्ने काम अन्तिम चरणमा पुगेको छ । बाँकी क्षेत्रमा काम गर्न ठेक्का लागे पनि निर्माण कार्य सुरु हुन सकेको छैन ।

जाजरकोटको नलगाड–१२, तल्लुदेखि डोल्पाको दुनैसम्म निर्माण गर्न बाँकी रहेका १४ वटा पुलका लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयलाई सहमति दिएको छ । भेरी करिडोर सडक योजनाअन्तर्गत् उक्त पुल निर्माणका लागि लामो समयदेखि फाइल मन्त्रालय हुँदै योजना आयोगमा पुगेको थियो । स्रोत सुनिश्चित भएसँगै अब अन्य प्रक्रिया अघि बढ्ने योजना प्रमुख नरेश केसरीले जानकारी दिए ।

३० मिटरभन्दा कम लम्बाइका पुलको डिजाइन स्वीकृति संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सुर्खेतले गर्ने भए पनि सोभन्दा माथिका पुलको स्वीकृतिका लागि माथिल्लो निकायमा पठाइने गरिएको छ ।

भेरी करिडोरअन्तर्गत् फूलबारी खोला, चिसापानी खोला, खहरेखोला, घट्टेखोला, मनका खोला, रिजिगार, उसुम खोला, कर्पगाड, खदाङ, खदाङभेरी, चुँगाड, त्रिपुराकोट,



गल्लीगाड र खोरखोलामा पुल निर्माणका लागि सहमति दिइएको हो ।

*६ वर्षदेखि अलपत्र मोटरेबल पुल*

भेरी करिडोरअन्तर्गत् जाजरकोट–डोल्पा सडकखण्डमा छ वर्षअघि ठेक्का लागेका पाँच वटा मोटरेबल पुल अलपत्र अवस्थामा छन् । हाल भेरी करिडोर सडक योजनाको कुल लम्बाइ ३ सय १० किलोमिटर छ । जाजरकोट खलंगाको पासागाडदेखि नलगाड नगरपालिका–१२, तल्लुसम्म कालोपत्रको काम यति बिल्डर्समार्फत् भइरहेको छ ।

सुर्खेतदेखि डोल्पाको अन्तिम विन्दु तथा चीन सीमासम्म पर्ने मरिमसम्म ३ सय १० किलोमिटर लामो उक्त सडक सुर्खेत, सल्यान, जाजरकोट, रुकुम पश्चिम हुँदै डोल्पासम्म पुग्नेछ ।

योजना प्रमुख केसरीका अनुसार भारत, नेपाल र चीन जोड्ने सबैभन्दा छोटो त्रिदेशीय मार्गका रुपमा उक्त सडकलाई लिइएको छ । भेरी करिडोरमा अलपत्र परेका पुलको ठेक्का क्याराभान हिराचन जेभीले लिएको थियो । तर, हालसम्म ती पुलमा कामको प्रगति शून्यजस्तै छ । जाजरकोट–डोल्पा सडकखण्डको ५६ किलोमिटर क्षेत्रमा कालोपत्र अन्तिम चरणमा पुगे पनि पुल निर्माणमा भने कुनै प्रगति भएको छैन । योजना प्रमुख केसरीका अनुसार पाँचमध्ये तीन पुल अर्को निर्माण कम्पनीलाई जिम्मा दिने तयारी भइ–रहेको छ भने बाँकी दुई पुल क्या–राभान हिराचन जेभीले नै निर्माण गर्ने अन्तिम सहमति हुन लागेको छ ।

क्याराभान हिराचन जेभीले २०७७ माघ २ गते जाजरकोटको नलगाड नगरपालिका क्षेत्रमा पर्ने नलगाड खोला र झुर्मेखोला पुल निर्माणका लागि १८ करोड ४३ लाख ४३ हजारमा ठेक्का लिएको थियो । सोही कम्पनीले त्रात्राखोला, मैदेखोला र ताक्सुगाड चौखास्थित पुल निर्माणका लागि १३ करोड ५४ लाखको अर्को ठेक्का पनि लिएको थियो । यी पुललाई भेरी करिडोरका लाइफलाइनका रुपमा लिइएको छ ।

नलगाड नगरपालिका–१२, तल्लुस्थित भेरी नदीको पुल तथा डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका–१, छलगाड पुल निर्माण कार्य भने सुरु भएको छ । तर, खदाङ पुल विवादका कारण निर्माण सुरु हुन सकेको छैन । उक्त पुलको ठेक्का एपी एमआरपी पुलचोक जेभी, चितवनले लिएको हो । रुकुम पश्चिमको आठबीसकोटस्थित पिपलचौरको छहरेखोला पुल तथा जाजरकोट भेरी नगरपालिका–१ को पिपे खोलाको पुल निर्माण भने लगभग सम्पन्न भइसकेको छ ।

*जोखिमपूर्ण यात्रा*

हाल नेपालगञ्ज, सुर्खेत तथा काठमाडौंबाट डोल्पाको सदरमुकाम दुनैसम्म सीधा यातायात सेवा सञ्चालन हुँदै आएको छ । जाजरकोटको तल्लुसम्म कालोपत्र सडक भए पनि बाँकी खण्डमा नेपाली सेनाले निर्माण गरेको कच्ची सडक प्रयोग हुँदै आएको छ । तल्लुदेखि दुनैसम्मको ६२ किलोमिटर सडक अत्यन्त जोखिमपूर्ण रहेको यातायात व्यवसायीहरुको भनाइ छ । पछिल्लो समय डोल्पाका पर्यटकीयस्थल भ्रमण गर्ने पर्यटकको संख्या बढेसँगै सडकमा सवारी चाप पनि बढेको छ ।

*कालोपत्रको नयाँ ठेक्का*

जाजरकोटको तल्लुदेखि डोल्पाको त्रिपुराकोटसम्मको सडक कालोपत्रका लागि ७४ करोडमा ठेक्का लागिसकेको छ । योजना प्रमुख केसरीका अनुसार क्याब निर्माण–जावलाखेल जेभीले ४२ किलोमिटर सडक कालोपत्रको ठेक्का पाएको हो । असोज २ गते सम्झौता भएको उक्त योजनाको काम २०८५ असोज १ गतेसम्म सम्पन्न गर्नुपर्नेछ ।

*दुनै–लासिक्याप सडक निर्माणमा ढिलाइ*

भेरी करिडोरअन्तर्गत् डोल्पाको दुनै–लासिक्याप सडकखण्ड निर्माणमा पनि ढिलाइ भएको छ । उक्त खण्डमा काम सुस्त हुँदा माथिल्लो डोल्पाको सडक निर्माण प्रभावित भएको भन्दै आलोचना बढेपछि कामलाई तीव्रता दिइएको छ । डोल्पाको दुनैदेखि मरिमसम्मको १ सय किलोमिटर सडकखण्डमध्ये २५ किलोमिटर क्षेत्रमा अझै सडक कटान गर्न बाँकी छ । लासिक्याप–मरिम ७५ किलोमिटर खण्डमध्ये नेपाली सेनाले ४० किलोमिटर क्षेत्रमा कटान कार्य पूरा गरिसकेको आयोजनाले जानकारी दिएको छ ।

दुनै–लासिक्याप सडक निर्माणको जिम्मा सूर्य–श्रेया–शान्तिदेवी जेभीले लिएको छ । २०७८ चैत १७ गते सम्झौता भएको उक्त योजनाको म्याद २०८२ पुस १६ गतेसम्म रहेको छ ।

पूर्वमन्त्री धनबहादुर बुढाले दुनै–लासिक्याप सडक समयमै बने माथिल्लो डोल्पामा सडक निर्माण सहज हुने बताए । उनका अनुसार भेरी करिडोर राष्ट्रिय प्राथमिकताको आयोजना भएकाले त्रिदेशीय पारवहन सेवा सञ्चालनका लागि उक्त सडक अत्यन्त महत्वपूर्ण छ ।

नेपाली सेनाले २०६५ सालदेखि भेरी करिडोरअन्तर्गत् जाजरकोट–डोल्पा सडक निर्माण सुरु गरेको थियो । ट्र्याक खुलेपछि २०७६ सालमा सेनाले १ सय १८ किलोमिटर सडक भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गरिसकेको छ । डोल्पाको माथिल्लो क्षेत्रमा सडक सुविधा अभाव हुँदा स्थानीय नागरिक अझै पनि सदरमुकाम दुनै पुग्न हप्तौं पैदलयात्रा गर्न बाध्य छन् ।

दुनैदेखि धोसम्मको ५० किलोमिटर सडकखण्ड चट्टानयुक्त भएकाले विस्फोट गराएर सडक निर्माण गर्नुपर्ने अवस्था रहेको योजना प्रमुख केसरीले बताए ।

डोल्पा जडीबुटीको महत्वपूर्ण भण्डार भएकाले त्रिदेशीय मार्ग निर्माण सम्पन्न भए कर्णाली प्रदेशसहित समग्र मुलुकको आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# प्राथमिकता तथा सिद्धान्तमार्फत् सुधारमुखी एजेण्डा



सन्देश संवाददाता

काठमाडौं/अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निर्वाचनको समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले व्यक्त गरेका वाचापत्र, शासकीय सुधार र सरकारको नीति तथा कार्यक्रममा केन्द्रित रहेर आगामी आर्थिक वर्षको बजेट तय हुने बताएका छन् । संघीय संसद् प्रतिनिधिसभाको अर्थसमितिको बैठकमा उनले आगामी आवको बजेट कार्यान्वयनका लागि स्रोत व्यवस्थापन सबभन्दा ठूलो चुनौती भए पनि सरकारले आवश्यक प्रबन्ध गर्ने विश्वास दिलाए ।

उनले राजस्व चुहावट नियन्त्रणका लागि निर्मम भएर लाग्ने उल्लेख गरे । स्वदेशी उत्पादनलाई समस्यामा पार्ने गरी अवैध तस्करी नियन्त्रणमा लागि सरकार निर्मम भएर लाग्ने स्पष्ट पार्दै आमजनताको दैनिक जीविकोपार्जनका लागि हदैसम्मको लचक हुने बताए । अर्थमन्त्री वाग्लेले सरकारको नियमित दायित्वमात्र करिब १३ खर्ब ३० अर्ब रहेको, करिब सात खर्ब अपुग हुने तथ्य पेस गरे । उनले सिर्जनशील कार्यक्रमका लागि आफूले स्रोत जुटाउने विश्वास दिलाउँदै चुनौतीलाई अवसरका रुपमा बदल्ने बताए ।

अर्थ मन्त्रालयले यसअघि नै मन्त्रालयहरुलाई बजेटको सिलिङ तोकेर पठाइसकेको जानकारी दिँदै उनले त्यस आधारमा नै सम्बन्धित मन्त्रालयमार्फत् समावेश गर्न सकिने विषय भए मन्त्रालयले सम्बोधन गर्ने स्पष्ट पारे । अर्थमन्त्रीले नियमित स्रोतबाट मुलुकको आवश्यकतालाई सम्बोधन गर्न नसकिने भएकाले सरकारले वैकल्पिक वित्तसम्बन्धि विधेयक तत्काल अगाडि बढाउन लागिएको जानकारी दिए । उनले विधेयकलाई थप समृद्ध बनाउन सबैको सार्थक सहयोग जरुरी रहेको आवश्यकता औंल्याए ।

*पाँच वटा थिममा बजेट :*

अर्थमन्त्री वाग्लेले पाँच वटा थिममा आगामी आर्थिक वर्षको बजेट आउने जानकारी दिए । उनले वर्तमान सरकार गठन भएपछि अगाडि बढाइएको सुशासनको लाभांश वितरण गर्ने तरिकाले बजेट विनियोजन गर्ने विश्वास दिलाए । उनले अर्थतन्त्रको पुनः संरचना गर्ने गरी बजेट आउने उल्लेख गरे । सम्पर्क सञ्जालको विस्तार एवम् सहरी विकास, भौतिक पूर्वाधार, ऊर्जा, सिचाई, खानेपानी र सडकजस्ता डिजिटल नेटवर्कका लागि ठूलो लगानी गरिने जानकारी गराए ।

अर्थमन्त्री वाग्लेले निजी क्षेत्रलाई पनि सडक पूर्वाधार निर्माणमा सहभागी गराउने योजना सरकारको रहेको उल्लेख गरे । नेपालको सौम्य शक्तिको विस्तार मार्फत संस्कृति, पर्यटन र परराष्ट्र सम्बन्धको थप प्रवर्द्धन गर्ने, डायोस्पोरालाई आर्थिक विकासमा सहभागी गराउने गरी उक्त स्रोतको परिचालन गर्ने उनको कथन छ । उनले आगामी आवको बजेटमा सरकारको नीति तथा कार्यक्रम, शासकीय सुधार र सरकारको वाचापत्रलाई समेटिने दोहोऱ्याए । बजेटका प्राथमिकता तथा सिद्धान्तमार्फत् सुधारमुखी एजेण्डा अघि सारिने अर्थमन्त्रीको भनाइ छ ।

विप्रेषणमा आधारित अर्थतन्त्रलाई क्रमशः उत्पादनमा आधारित बनाउने र सामाजिक उन्नयन तथा मध्यम वर्गको विस्तारमा जोड दिइने उनले बताए । उनले आफूले अर्थमन्त्रालय सम्हालेदेखि साना–ठूला गरी ३ सय भन्दा बढी काम भइसकेको समितिलाई जानकारी दिए । उनले यही बैशाख ३१ गते संसद्मा बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत हुने जानकारी गराए ।

सांसद्हरुले संसद्मा दिने सुझावलाईसमेत बजेटमा समावेश गरिने उल्लेख गरे । यसैगरी सीमा क्षेत्रमा हुने तस्करी निर्मम भएर नियन्त्रण गरिने अर्थमन्त्री वाग्लेको भनाइ छ । सीमाक्षेत्रमा बसोबास गर्ने आमनागरिकलाई दैनिक उपभोगका सामग्री खरिदमा सहजीकरण गर्ने तर संगठित तस्करी र राजस्व चुहावट नियन्त्रणमा भने कडारुपमा प्रस्तुत हुने उनले स्पष्ट पारे । एक सयभन्दा बढी मूल्यका वस्तुमा भन्सार लाग्ने व्यवस्था वर्तमान सरकारले ल्याएको नभइ दशकौंदेखि कायम रहेको नीति भएको र चालु आवको बजेटमा उक्त व्यवस्था रहेको जानकारी दिए ।

एकै दिनमा पटकपटक सीमा वारपार गरेर नेपाली बजार र गोदाममा सामान भित्र्याइ स्वदेशी उत्पादनलाई क्षति गर्ने गिरोहविरुद्ध विशेष अभियान सञ्चालन गरिने उनको भनाइ छ । सीमा सुरक्षालाई प्रविधिमैत्री बनाउन सरकारले सीमा क्षेत्रमा क्यामेरा, अनुहार पहिचान गर्ने यन्त्र, नाइटभिजन उपकरण र कृत्रिम बुद्धिमत्ता (एआई) मा आधारित निग–रानी प्रणाली प्रयोग गर्ने योजना अघि सारिएको उनको कथन छ ।

*धितोपत्रप्रति उदार नीति*

अर्थमन्त्री वाग्लेले धितोपत्र बजारको विकासका लागि सरकारले उदार नीति अगाडि सारेको जानकारी दिए । उनले राष्ट्रपतिले सोमबार प्रस्तुत गरेको नीति तथा कार्यक्रममा स्टक मार्केट, पुँजी बजारबारे एकदम उदार नीतिहरु घोषणा गरिएको उल्लेख गरे । उनले त्यसलाई बजेटमा थप आकार दिइने स्पष्ट पारे । अर्थमन्त्री वाग्लेले केही सीमित समूहले पुँजी बजारमा चलखेल गरेर इन्साइडर ट्रेडिङ गरी जनताको ठूलो रकम दुरुपयोग गरिएको यथार्थता पेस गरे । उनले त्यस्ता समूहले आर्थिक लाभमात्र नभइ राजनीतिक संस्थामाथि समेत प्रभाव जमाएको दाबी गरे ।

अर्थमन्त्री वाग्लेले स्टक एक्सचेञ्जको पुनः संरचनाका लागि गठन गरिएको एउटा समितिले प्रतिवेदन दिएको जानकारी दिँदै त्यसलाई क्रमशः कार्यान्वयनमा लगिने बताए । उनले जेनजी आन्दोलनले मुलुकलाई गलत दिशामा जानबाट जोगाउदै सुशासनलाई प्राथमिकता साथ अघि बढाएको उल्लेख गरे ।

# बजेट अभावले रोकियो गैंडागणना



सन्देश संवाददाता

भरतपुर/बजेट अभावमा गत वर्ष रोकिएको दुर्लभ एकसिंगे गैंडाको गणना यस वर्ष पनि नहुने भएको छ । हरेक चार वर्षमा हुँदै आएको गैंडाको गणना यस वर्ष बाघको गणना परेकाले गर्न नसकिएको हो । गैंडागणना आनुवंशिक जेनेटिक विधिबाट गरिन्छ । बर्खा लागेसँगै कार्यक्षेत्रमा खटिएर गणना गर्न नसकिने भएकाले अर्को वर्षमात्र गरिनेछ । गणनाको काम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गर्छ ।

विभागको वन्यजन्तुको सर्वेक्षणसँग सम्बन्धित प्राविधिक समितिको बैठकले आनुवंशिक विधिबाट गैंडागणना गर्न आवश्यक प्रोटोकल बनाउने निर्णय गरेको छ । समिति संयोजक एवम् विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले प्रोटोकल तयार गर्नका लागि छलफल सुरु भइसकेको जानकारी दिए । आनुवंशिक विधिबाट गणना गर्दा जनशक्ति परिचालन गरी गैंडाको गोबर (मल) संकलन गरेर प्रयोगशालामा डीएनए परीक्षणबाट सख्या र लिंग पहिचान गर्ने गरिन्छ ।

एउटा गैंडा र अर्कोको गोबरको जेनेटिक स्ट्रक्चर फरक हुने गर्दछ । आचार्यका अनुसार सामान्यतया गैंडाले एकै ठाउँमा दिसा गर्छन् । ती ठाउँहरुको पहिचान गरी सीसी क्यामरा जडान गरेर पटकपटक गोबर संकलन गरिन्छ । यी सबै कामलाई कसरी गर्ने भन्ने विषय प्रोटोकलमा उल्लेख गरिने उनले जानकारी दिए ।

मुख्यरुपमा चितवन राष्ट्रिय निकुञ्जमा यस विधिबाट गैंडाको गणना गरिने छ । ठूलो क्षेत्र भएकाले कति प्रतिशत् भुभागबाट गोबर संकलन गर्ने भन्ने विषय प्रोटोकलमा निर्धारण गरिने छ । गैंडाको वासस्थान, खोलाको किनार, घाँसेमैदान, नदीतटीय वनक्षेत्र हुने गर्दछ । नेपालका चार निकुञ्जमा गैंडा पाइन्छन् । बर्दिया, शुक्ला र पर्सामा प्रत्यक्षरुपमा हेरेर गणना गर्न सकिने भएकाले यस विधि चितवन राष्ट्रिय निकुञ्जमा मात्र प्रयोग गरिने छ । नेपालमा यस विधिबाट हिउँचितुवाको मात्र गणना गरिँदै आएको छ । विगतमा गणना गर्दै आएको विधिभन्दा कम खर्चिलो र सुरक्षित हुने जनाइएको छ । विगतमा ब्लक छुट्याएर प्रत्यक्ष गणना विधि प्रयोग गरिँदै आएको थियो । यस विधिबाट गणना गर्दा निकै खर्चिलो हुने र जोखिमपूर्ण हुने गरेको छ ।

आचार्यका अनुसार सन् २०२१ मा गैंडागणना गर्दा तीन करोड हाराहारी खर्च भएको थियो । सो क्रममा एक जना प्राविधिक हात्तीबाट लडेर गम्भीर घाइते भएका थिए । यसरी गणना गर्दा तीन साता लाग्छ । त्यसमा ठूलो संख्यामा हात्तीलगायत सवारीसाधनसहित प्राविधिक जनशक्ति परिचालन गर्नुपर्ने हुन्छ । आचार्यले हालसम्म प्रयोग गरिएको प्रत्यक्ष र फोटो आईडी विधिबाट भन्दा आनुवंशिक विधिबाट गणना गर्दा वैज्ञानिक आधारमा सबैले मान्ने विधि भएकाले यसतर्फ विभागको ध्यान गएको बताए ।

सन् २०२१ मा गरिएको गणनामा देशभरका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रमा ७ सय ५२ गैंडा फेला परेका थिए । सन् १९६० को दशकमा सख्या घटेर करिब १ सयको संख्यामा झऱ्यो । नेपालमा सन् १९५० को दशकमा ८ सय गैंडा अनुमान छ । चितवन राष्ट्रिय निकुञ्जमा मात्र ६ सय ९४, बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैंडाबाट बढेर ३८ पुग्यो ।

# क्रसर व्यवसायीले गरे सरकारको नीति तथा कार्यक्रमको स्वागत





सन्देश संवाददाता

हेटौंडा/नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघले सरकारको नीति तथा कार्यक्रमलाई स्वागत गरेको छ । सरकारले सोमबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा प्राकृतिक तथा खानीजन्य वस्तुको व्यावसायिक उत्पादन, उपयोग र बजारीकरणमा निजीक्षेत्रलाई सक्रियरुपमा सहभागी गराइने उल्लेख गरिएको छ ।

वातावरणीय प्रभाव मूल्यांकनका आधारमा उपयुक्त र आर्थिक दृष्टिले सम्भाव्य देखिएका खानीजन्य तथा नदीजन्य निर्माण सामग्रीको उत्खनन्, प्रशोधन गरी आन्तरिक उपयोगसँगै निर्यातसमेत गर्ने व्यवस्था मिलाइने नीति समेटिएको छ । उक्त नीतिगत् व्यवस्थालाई नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघले सकारात्मकरुपमा लिएको छ । महासंघ अध्यक्ष सीताराम न्यौपानेले सरकारको नीति तथा कार्यक्रमले दीर्घकालदेखि विवाद र अन्यौलमा रहेको खानी तथा क्रसर क्षेत्रलाई केही हदसम्म स्पष्ट दिशा दिने संकेत गरेको भन्दै सरकारप्रति धन्यवाद व्यक्त गरेका छन् ।

उनका अनुसार नेपालमा ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामग्री राष्ट्रिय पूर्वाधार विकासका लागि अत्यावश्यक स्रोत हुन् । यस्ता प्राकृतिक स्रोतलाई वैज्ञानिकढंगले उपयोग गरी उत्पादन र रोजगारी वृद्धि गर्न सकिने भए पनि विगतमा नीतिगत् अस्पष्टता, कानुनी जटिलता र कार्यान्वयन अभावका कारण यस क्षेत्र छायामा परेको उनले बताए । अध्यक्ष न्यौपानेले करिब ७ सय हाराहारीमा कानुनीरुपमा दर्ता भएका क्रसर उद्योग लामो समयदेखि नवीकरण नहुँदा गम्भीर समस्यामा परेको उल्लेख गरेका छन् । उनका अनुसार २०७१ सालपछि यी उद्योगहरुको नवीकरण प्रक्रिया अवरुद्ध हुँदा व्यवसायीहरु कानुनीरुपमा कारोबार गर्न असमर्थ बनेका छन् ।

नवीकरण नहुँदा उद्योगीहरूले बैंक खाता सञ्चालन गर्न, ऋण लिन, सम्पत्ति किनबेच गर्न तथा बैंक लोनमार्फत् व्यवसाय विस्तार गर्नसमेत कठिनाइ भोगिरहेको उनले बताए । यसले व्यवसायीहरुलाई कानुनी अधिकारबाट वञ्चित गरेको अवस्था सिर्जना भएको महासंघको भनाइ छ । न्यौपानेले सरकारलाई यस्ता समस्याको दीर्घकालीन समाधान गर्न आग्रह गर्दै सामान्य प्रशासन मन्त्रालयबाट अघि सारिएको निर्माणमुखी विधेयकलाई छिटो निष्कर्षमा पुऱ्याउनुपर्ने आवश्यकता औंल्याएका छन् । उक्त विधेयक हाल संसद्को राज्यव्यवस्था समितिमा अड्किएको अवस्थामा रहेको भन्दै उनले सरोकारवालासहित व्यापक छलफल गरेर विवादित विषय संशोधन गरी पारित गर्नुपर्नेमा जोड दिएका छन् ।

उनका अनुसार क्रसर तथा खानी क्षेत्रलाई व्यवस्थित बनाउन उत्खनन्, ढुवानी र प्रशोधनको जिम्मेवारी तथा जबाफदेहिता स्पष्टरुपमा छुट्याइनु आवश्यक छ । हाल धेरैजसो अवस्थामा उत्खनन्सम्बन्धि अनियमितता वा ढुवानी प्रक्रियामा देखिने समस्या क्रसर व्यवसायीमाथि मात्र थोपर्ने प्रवृत्ति रहेको भन्दै उनले यसको कानुनी विभाजन स्पष्ट हुनुपर्ने बताए । नदीजन्य र खानीजन्य स्रोतको व्यवस्थापनलाई अलग नीति र कानुनी ढाँचामा लैजानुपर्ने आवश्यकता पनि महासंघले औंल्याएको छ । क्रसर उद्योगले मुख्यरुपमा प्रशोधनको काम गर्ने भएकाले उत्खनन् र आपूर्तिको जिम्मेवारी सम्बन्धित निकायमै स्पष्ट रुपमा तोकिनुपर्ने उनको भनाइ छ ।

*के चाहन्छन् क्रसर व्यवसायी ?*

आगामी बजेटमा क्रसर तथा खानी क्षेत्रलाई राष्ट्रिय पूर्वाधार विकासको आधारभुत अंगका रुपमा मान्यता दिँदै दीर्घकालीन नीति आवश्यक रहेको व्यवसायीहरुको माग छ । ढुंगा, गिट्टी, बालुवा र सिमेन्ट जस्ता निर्माण सामग्रीलाई एउटै दृष्टिले नहेरी स्रोतका आधारमा व्यवस्थित नीति बनाउनुपर्ने उनीहरुको सुझाव छ । महासंघले निजीक्षेत्रसँग नियमित संवाद र सहकार्यको वातावरण बनाउन पनि सरकारलाई आग्रह गरेको छ ।

नीति निर्माणदेखि कार्यान्वयनसम्म सरोकारवालाको सहभागिता सुनिश्चित भएमात्र परिणाममुखी उपलब्धि हासिल गर्न सकिने उनीहरुको विश्वास छ । अध्यक्ष न्यौपानेले सरकारले देशका प्राकृतिक स्रोतलाई परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको सन्दर्भमा निजीक्षेत्रले पनि कानुनसम्मतढंगले उच्च मनोबलसाथ योगदान दिन तयार रहेको बताएका छन् ।

## गाडीको बजेट शववाहनमा

चितवन/ चितवनको कालिका नगरपालिकाले नगरप्रमुखको गाडी किन्ने बजेटबाट शववाहन खरिद गरेको छ । गत भदौमा भएको जेनजी आन्दोलनका क्रममा नगर प्रमुखको सहित तीन वटा गाडी जलेको थियो । प्रमुखले मोटरसाइकल प्रयोग गरेर शववाहन खरिद गरिएको हो ।

नगरप्रमुख विनोद रेग्मीले ३१ लाख रुपैयाँमा शववाहन खरिद गरिएको बताए । उनले भने, “नगरपालिकामा एउटा पनि गाडी छैन, नगरप्रमुखका लागि गाडी खरिद गर्ने भनेर बजेट छुट्याइएको थियो, त्यसबाट शववाहन खरिद गरियो ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

# एम्बुलेन्समा जीपीएस 'अनिवार्य

सन्देश संवाददाता

हेटौंडा/चितवन जिल्लामा एम्बुलेन्स सेवालाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन एम्बुलेन्समा जीपीएस जडान अनिवार्य गरिएको छ । जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको बैठकले एम्बुलेन्स सेवाको व्यवस्थापन, पारदर्शिता र प्रभावकारिता सुधार गर्न तथा सेवा सञ्चालनमा देखिएका विकृति नियन्त्रण गर्न अनिवार्यरुपमा जीपीएस जडान गर्नुपर्ने निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको सभाध्यक्षतामा बसेको बैठकले जिल्लाभर सञ्चालनमा रहेका सबै एम्बुलेन्सलाई सात दिनभित्र जनस्वास्थ्य कार्यालयमा एकीकृत तथ्यांक विवरण अनिवार्यरुपमा दर्ता गर्न निर्देशन दिएको छ । सोअनुसार दर्ता भएका एम्बुलेन्सले १५ दिनभित्र जीपीएस प्रणाली जडान गरी त्यसको जानकारी जनस्वास्थ्य कार्यालयमा दिनुपर्ने निर्णय गरिएको प्रजिअ अर्यालले जानकारी दिए । विवरण दर्ता नगर्ने र जीपीएस जडान नगर्ने एम्बुलेन्सलाई सञ्चालनमा रोक लगाइने समितिले जनाएको छ ।

भाडादर र पार्किङ व्यवस्थापनका लागि जनस्वास्थ्य कार्यालय प्रमुखको संयोजकत्वमा ट्राफिक प्रहरी, यातायात व्यवस्था कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, एम्बुलेन्स चालक संघ र भरतपुर महानगरपालिका सम्मिलित उपसमितिले सिफारिस गरेको भाडादर अनुसारमात्र सेवा सञ्चालन गर्नुपर्ने निर्णय भएको प्रजिअ अर्यालले बताए । बिरामीसम्बन्धि स्वास्थ्य संस्था पुऱ्याइसकेपछि एम्बुलेन्स तत्काल आफ्नो कार्यक्षेत्रमा फर्कनुपर्ने र अस्पताल वा स्वास्थ्य संस्थापरिसरमा अनावश्यक पार्किङ गरी अन्य एम्बुलेन्सलाई अवरोध पुऱ्याए कारबाही गर्ने निर्णय भएको उनले उल्लेख गरे ।

बिरामीलाई समयमै अस्पताल पुऱ्याउन र एम्बुलेन्सको सही अवस्थिति थाहा पाउन मद्धत पुग्ने उनले विश्वास व्यक्त गरे । सम्भावित सवारी दुर्घटनालाई मध्यनजर गर्दै जिल्लाको पूर्वी भाग भण्डारा र मुग्लिङ खण्डमा स्वास्थ्यकर्मीसहित एक/एक वटा डेडिकेटेड एम्बुलेन्स २४ सै घण्टा परिचालन गरिने भएको छ । ती एम्बुलेन्सचालकको नाममा छुट्टाछुट्टै टोलफ्री नम्बर उपलब्ध गराइनेछ । २४ सै घण्टा खटिने चालकको खाजा, खाना र चिया खर्चका लागि चितवन र रत्ननगर उद्योग वाणिज्य संघलाई सहयोगका लागि अनुरोध गर्ने निर्णय गरिएको प्रजिअ अर्यालले बताए ।

चालक र स्वास्थ्य संस्थाबीच हुनसक्ने अनावश्यक मिलेमतो वा गोप्य कारोबार रोक्न एम्बुलेन्स चालक संघ र स्वास्थ्य संस्थाले संस्थागत् पहल गर्ने निर्णय भएको छ ।

जिल्लाभरका एम्बुलेन्सले निर्देशिकाबमोजिम अनिवार्यरुपमा यान्त्रिक जाँच गराउनुपर्ने र चालकले अनिवार्यरुपमा पोशाक लगाउनुपर्ने व्यवस्था गरिएको छ

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाभै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने